# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ७, अङ्क १०, पूर्णाङ्क २८०  २०७८ भदौ २३ गते बुधबार  Wednesday, 08 Sep 2021  www.eratokhabar.com  मूल्य रु. १०


## आज २३ औँ वासु स्मृति दिवस



**काठमाडौँ ।** भदौ २३ गते २३ औँ वासु स्मृति दिवस हो । महान् जनयुद्धका क्रममा तत्कालीन सत्ताले २०५६ साल भदौ २३ गते नेकपा माओवादीका पोलिटब्युरो सदस्य सुरेश वाग्ले ‘वासु’ को क्रूरतापूर्वक हत्या गरेको थियो । त्यसपछि नेकपाले वासु स्मृति दिवस मनाउँदै आएको छ । वासुसँगै नेकपा माओवादीका तत्कालीन जिल्ला नेता भीमसेन पोखरेलले पनि सहादत प्राप्त गरेका थिए ।

... बाँकी पृष्ठ ७ मा

# राष्ट्रघाती एमसीसीविरुद्ध सिङ्गो देश आन्दोलित

## नेपाललाई अमेरिकी सैन्य अखडा नबनाउन चेतावनी

■ **रातोखबर संवाददाता**/काठमाडौं

अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) नेपालको संसद्बाट पारित गर्न कोसिस गरिएपछि नेपालमा राष्ट्रियताका पक्षधर नेकपालगायत शक्तिहरूले त्यसका विरुद्ध आन्दोलन थालेका छन् । उक्त परियोजनाको समयसीमा सकिनै लाग्दा शेरबहादुर देउवा सरकारले बुधबार संसद् बैठक बोलाएर एमसीसी पारित गर्ने तयारी गरेपछि त्यसविरुद्ध जनमत आक्रोशित बनेको छ ।

एमसीसीविरुद्ध नेपाल कम्युनिस्ट पार्टीले भदौ २८ गते काठमाडौँमा बृहत् जनसभासहित साताव्यापी सङ्घर्षको घोषणा गरेको छ । नेकपाको केन्द्रीय कार्यक्रमअनुसार भदौ २३ गते बुधबार देशव्यापी कोणसभा, २५ गते देशव्यापी विरोध प्रदर्शन, २६ गते राष्ट्रघाती एमसीसी सम्झौता जलाउने, २७ गते सिठी जुलुस गरी एमसीसीका विरुद्ध बेलुन उडाउने र भदौ २८ गते विरोध प्रदर्शनसहित काठमाडौँमा जनसभा आयोजना गरिनेछ ।

एमसीसीविरुद्ध आन्दोलनरत नेपाल कम्युनिस्ट पार्टीले मङ्गलबार मात्र काठमाडौँमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रमका वक्ताहरूले अमेरिकी सैन्य रणनीतिअनुसार एमसीसी सम्झौता अगाडि बढाएको भन्दै त्यसको खारेजीको विकल्प नभएको बताएका छन् । उनीहरूले अमेरिका नेपालको प्राकृतिक साधन-स्रोत कब्जा गर्न र नेपाली भूमि प्रयोग गरेर चीन घेर्ने रणनीतिमा रहेको बताएका थिए ।

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सचिवालय सदस्य एवम् अन्तर्राष्ट्रिय विभाग इन्चार्ज धर्मेन्द्र बास्तोला ‘कञ्चन’ ले अमेरिकाले नेपाली भूमि प्रयोग गरेर चीनविरुद्ध घेराउ गर्न एमसीसी जसरी पनि लागू गर्न चाहेको बताए । उनले एमसीसी लागू भए अमेरिका र चीनबीच बढ्ने द्वन्द्वको मार नेपाल र नेपालीलाई हुने बताए ।

नेपालका प्राकृतिक साधन र स्रोतमाथि कब्जा गर्ने र आफ्नो सैन्य रणनीतिमा नेपाललाई सहभागी गराउने अमेरिकी योजना रहेको नेता कञ्चनले बताए । उनले सम्झौता राष्ट्रघाती भएकाले त्यसविरुद्ध आफ्नो पार्टीले सङ्घर्ष घोषणा गरेको बताए । एमसीसी खारेजीका लागि सङ्घर्षमा आउन सबैलाई नेता कञ्चनले आह्वानसमेत गरे ।

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य सीपी गजुरेलले इन्डो प्यासिफिक रणनीतिअनुसार एमसीसी सम्झौता लागू गर्न चाहेको बताए । उनले अमेरिकाले नेपालका बहुमूल्य प्राकृतिक साधन, स्रोतमाथि कब्जा जमाउन र चीनविरुद्ध नेपाली भूमि दुरुपयोग गर्न एमसीसी संसद्बाट पारित गराएर लागू गर्न चाहेको बताए । नेता गजुरेलले एमसीसी नेपाल र नेपालीको हितमा नभएकाले खारेज गर्नुपर्ने र त्यसका लागि देशभक्त नेपाली एक हुनुपर्ने धारणा राखे ।

नेकपा (माले) का महासचिव सीपी मैनालीले अमेरिकाले एमसीसीमार्फत नेपाललाई सैन्य साझेदार बनाउन खोजेको भन्दै नेपाल स्वतन्त्र देश भएकाले यसबाट अलग रहनुपर्ने बताए । महासचिव मैनालीले अमेरिकाले नेपाली भूमिमा सैन्य अखडा बनाएर चीनविरुद्ध गतिविधि गर्न एमसीसी जबर्जस्ती संसद्बाट पारित गराउन चाहेको बताए ।

कार्यक्रममा नेकपा (माओवादी केन्द्र) का स्थायी समिति सदस्य लीलामणि पोखरेलले नेपालको कानुनभन्दा एमसीसी माथि राखिएको र एमसीसी लागू भए नेपालीहरूले अमेरिकी कानुन मान्नुपर्ने अवस्था आउने भएकाले खारेज हुनुपर्ने बताए । उनले अनुदानमा सर्त नहुने भए पनि एमसीसीमा अमेरिकाले नेपालको हितविरोधी सर्त राखेको भन्दै खारेज गर्नुपर्ने धारणा राखे । उनले तत्कालीन नेकपाले एमसीसीको अध्ययन प्रतिवेदनमा संशोधन

... बाँकी पृष्ठ ७ मा

### एमसीसीविरुद्ध साताव्यापी सङ्घर्षका कार्यक्रम

- ☑ २३ गते देशव्यापी कोणसभा
- ☑ २५ गते देशव्यापी विरोध प्रदर्शन
- ☑ २६ गते राष्ट्रघाती एमसीसी सम्झौता जलाउने
- ☑ २७ गते सिट्ठी जुलुश गर्ने र एमसीसीका विरुद्ध बेलुन उडाउने
- ☑ २८ गते विरोध प्रदर्शन सहित काठमाडौंमा जनसभा

## युवा सङ्गठन नेपालको राष्ट्रिय सम्मेलन कात्तिक १३, १४ र १५ गते

**नवलपुर ।** युवा सङ्गठन नेपालको चौथो राष्ट्रिय सम्मेलन आगामी कात्तिक १३, १४ र १५ गते दाङमा हुने भएको छ । सम्मेलन आयोजक समितिको भदौ १४ र १५ गते नवलपुर जिल्लामा बसेको दोस्रो पूर्ण बैठकले उक्त निर्णय गरेको हो ।

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवको प्रमुख आतिथ्यमा सम्पन्न बैठकले सामाजिक-सांस्कृतिक विकृति-विसङ्गति, चरम आर्थिक अनियमितता, एमसीसी सम्झौतालगायत राष्ट्रघाती सन्धिसम्झौताका विरुद्ध सङ्घर्ष गर्ने निर्णय गरेको छ ।

बैठकमा

... बाँकी पृष्ठ ७ मा

## नेकपाद्वारा इलाममा भएको भ्रष्टाचारविरुद्ध निगरानी

**इलाम ।** नेपाल कम्युनिस्ट पार्टी इलामले जिल्लामा देखिएको भ्रष्टाचारविरुद्ध प्रेस विज्ञप्ति जारी गरी निगरानी बढाएको छ । हालै जिल्लाका विभिन्न पालिकाहरूको बेरुजू रकमसहितको तथ्याङ्क सार्वजनिक गर्दै पार्टीको गम्भीर ध्यानाकर्षण भएको पार्टीको विज्ञप्तिमा उल्लेख छ ।

महालेखा परीक्षकको ५८ औँ वार्षिक प्रतिवेदनमा इलाम जिल्लामा रहेका स्थानीय पालिकाहरूमा भएको

... बाँकी पृष्ठ ७ मा

## व्यवस्था रोज्न जनमतसङ्ग्रह गरौँ, अवश्य हामी जित्छौँ : महासचिव विप्लव



■ **रातोखबर संवाददाता**/मकवानपुर

नेकपाका महासचिव विप्लवले दलाल पुँजीवाद कि वैज्ञानिक समाजवाद भन्ने विषयमा जनमतसङ्ग्रह गराउँदा वैज्ञानिक समाजवाद पक्षले विजय हासिल गर्ने बताएका छन् ।

अखिल नेपाल महिला संघ क्रान्तिकारी केन्द्रीय समितिको बैठकमा प्रमुख अतिथिका रूपमा उपस्थित महासचिव विप्लवले हिजोदेखि नै असफल हुँदै आएको पुँजीवादी व्यवस्थाले जनता र देशको निकास दिन नसक्ने भएकाले वैज्ञानिक समाजवाद स्थापित गर्न आफ्नो पार्टीले जनमतसङ्ग्रहको प्रस्ताव गरेको बताए ।

उनले भने, ‘एकाध दलाल पुँजीवादी व्यक्तिबाहेक हरेक युवा,

... बाँकी पृष्ठ ७ मा

## नेकपा प्रवक्ता प्रकाण्ड र गृहमन्त्री खाँडबीच छलफल



**काठमाडौँ ।** नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता प्रकाण्ड र नेपाल सरकारका गृहमन्त्री बालकृष्ण खाँडबीच पूर्ववर्ती केपी ओली नेतृत्वको सरकार र नेपाल कम्युनिस्ट पार्टीबीच भएको तीनबुँदे सहमति कार्यान्वयनका विषयमा छलफल भएको छ ।

छलफलमा नेकपाका प्रवक्ता प्रकाण्डले आफ्नो पार्टीका नेता-कार्यकर्ताहरूको रिहाइको विषयमा अघिल्लो सरकारसँग भएको सहमतिप्रति चासो व्यक्त गरेका थिए । शुक्रबार अपराह्न भएको भेटमा प्रकाण्डले सरकारसँग तीनबुँदे सहमति भएको लामो समय बितिसक्दा

... बाँकी पृष्ठ ७ मा

## वैज्ञानिक समाजवादका लागि बृहत् कम्युनिस्ट एकता आवश्यक : कञ्चन



■ **रातोखबर संवाददाता**/कालीकोट

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सचिवालय सदस्य धर्मेन्द्र बास्तोला ‘कञ्चन’ ले वैज्ञानिक समाजवाद प्राप्तिका लागि बृहत् कम्युनिस्ट एकता आवश्यक रहेको बताएका छन् । नेकपा कालीकोटले बिहीबार सदरमुकाम मान्ममा आयोजना गरेको ‘बर्तमान राजनीतिक सङ्कट र समाधान’ विषयक बृहत् अन्तरक्रियामा नेता कञ्चनले यस्तो बताएका हुन् ।

नेता कञ्चनले आजको सबै क्षेत्रको सङ्कटको मूल कारण दलाल संसदीय पुँजीवादी व्यवस्था भएको ठोकुवा गर्दै यसको विकल्पमा वैज्ञानिक समाजवाद अनिवार्य भएको बताए । उनले भने, ‘वैज्ञानिक समाजवादमा पुग्न

... बाँकी पृष्ठ ७ मा

## पैसावाल मन्त्रालयमा भागबन्डा नमिलेपछि सत्तारूढ नेताबीच खटपट






■ **रातोखबर संवाददाता**/काठमाडौं

सरकारमा एकलौटी गरेको भन्दै करिब दुईतिहाइको केपी वलीको बहुमतीय सरकार ढालेर नेपाली काङ्ग्रेसलाई सरकार बुझाएका पुष्पकमल दाहाल, माधव नेपाल र उपेन्द्र यादवबीच फेरि पैसावाल मन्त्रालयका लागि भागबन्डा नमिल्दा भनाभन र वैमनस्य बढेका समाचारहरू सार्वजनिक भएका छन् ।

एक महिनादेखि मन्त्रिमण्डल विस्तार गर्न सकस परिरहेको कारण अरू नै देखाइए पनि बालुवाटारमा भएको बैठकमा माधव नेपालको पैसावाल मन्त्रालयको प्रस्तावलाई उपेन्द्र यादवले अस्वीकार गरेपछि संसद्वादी दलहरूको बाहिर देखाउने कुरा जे भए पनि अन्तर्य भने सत्ता लुछाचुँडी नै हो भन्ने थप प्रमाणित भएको छ । अर्को संसद्वादी समूह माओवादी केन्द्रभित्र पनि मन्त्रीका लागि गुट-उपगुटहरूबीच रस्साकस्सी मच्चिएका खबरहरू सार्वजनिक भएका छन् ।

सार्वजनिक भएको

... बाँकी पृष्ठ ७ मा

### ‘एक्काईसौँ शताब्दीमा मार्क्स’

# मार्क्सवाद : प्रयोग गर र फ्याँक !

देश/परिवेश

■ गुणराज लोहनी



सही विचारहरू कहाँबाट आउँछन् ? के उनीहरू आकाशबाट झर्छन् ? होइन । के उनीहरू दिमागमा जन्मजात छन् ? होइन । उनीहरू सामाजिक अभ्यासबाट आउँछन् र एक्लैबाट; उनीहरू तीन प्रकारको सामाजिक अभ्यास, उत्पादनका लागि सङ्घर्ष, वर्गसङ्घर्ष र वैज्ञानिक प्रयोगबाट आउँछन् । यो मानिसको सामाजिक प्राणी हो कि उसको सोचाइको निर्धारण गर्दछ । एकपटक जब उन्नत वर्गका सही विचारहरूको विशेषता जनताद्वारा पकडिएको छ, यी विचारहरू एक भौतिक शक्तिमा परिणत हुन्छन् जसले समाज परिवर्तन गर्दछ र संसारलाई परिवर्तन गर्दछ ।[1]

### १. मार्क्सवादमा विद्यावारिधिधारकप्रति पाँच प्रश्न

१– मार्क्सवाद नभनेर किन मार्क्सीय पद्धति भन्नुभयो ?

२– प्रविधिको विकासले के अतिरिक्त मूल्यको औचित्य सकिएको हो ?

३– शोषण, दमन, उत्पीडनको अन्त्यबिनाको मानवता कस्तो हुन्छ ? सेवाका क्षेत्रलाई वस्तु बनाइएको छैन र ?

४– द्वन्द्वात्मक भौतिकवाद कसको दर्शन हो ?

५– महिला, दलितलगायत उत्पीडित श्रमजीवी वर्गको अधिकार कसरी सम्भव भयो ?

### १.१ विषय प्रवेश

म लामो समयदेखि एउटा कुराको खोजीमा थिएँ, त्यो थियो मार्क्सवादको घृणित रूपमा आलोचना गर्ने पूर्वमाओवादी वरिष्ठ नेता को होला ? अन्ततः मैले पाएँ डाक्टर बाबुराम भट्टराई जसले आफूलाई मार्क्सवादमा नै विद्यावारिधि गरेको र दस वर्षको जनयुद्धको मुख्य योजनाकारको दाबी गर्दथे । २०७२ सालमा

... बाँकी पृष्ठ ३ मा

वर्ष ७, अङ्क १०, पूर्णाङ्क २८०
रातोखबर साप्ताहिक

## सम्पादकीय

# राष्ट्रघाती एमसीसी परियोजना खारेज गर

***साम्राज्यवादी दादागिरी मुर्दावाद !***
***साम्राज्यवादी पक्षधरता मुर्दावाद !!***
***राष्ट्रघाती एमसीसी परियोजना मुर्दावाद !!!***

नेपालमा पछिल्लो समयमा साम्राज्यवादी चलखेल र अतिक्रमण अत्यन्त धेरै बढेको छ । साम्राज्यवादी हस्तक्षेप र अतिक्रमणका कारण हरेक देशभक्त र क्रान्तिकारी नेपालीमा आवेग बढ्दै गएको छ । हरेक देशभक्त तथा जनवादी शक्तिहरू घरघर र चोकचोकमा नारा लगाइरहेका छन्- साम्राज्यवादी दादागिरी मुर्दावाद ! साम्राज्यवादी पक्षधरता मुर्दावाद ! राष्ट्रघाती एमसीसी परियोजना मुर्दावाद !!! एकातिर नेपाली भूमि अतिक्रमण गरेर ढलिमली गरिरहेको भारतीय साम्राज्यवाद नेपालको दार्चुलालगायत क्षेत्रको आकाशमा सैनिक जहाज घुसाएर साम्राज्यवादी दादागिरी मच्चाइरहेको छ भने अर्कातिर अफगानिस्तानबाट लज्जाजनक पराजय बेहोरेर तिल्मिलाउँदै फर्किएको अमेरिकी साम्राज्यवाद नेपाल र स्वाभिमानी नेपालीको टाउकोमा राष्ट्रघाती एमसीसीको कोर्रा बर्साउन नेपालको सत्तामा अनेकका बुख्याँचा तयार पारेर षड्यन्त्र गरिरहेको छ । महाकालीमै राष्ट्रघात गरेर कुख्याती कमाइसकेका शेरबहादुर देउवा नाउँका पात्रले प्रधानमन्त्रीको कुर्सीबाट निकट भविष्यमै एमसीसी पारित हुन्छ भनेर ऐलान गरेको केही दिनमै गृह मन्त्रालयले एमसीसीको विरोध गर्नेहरूमाथि सूक्ष्म निगरानी राखिएको भनेर देशभक्त तथा क्रान्तिकारी नेपालीलाई धम्क्याएको छ भने राष्ट्रियताका पक्षमा बोल्ने देशभक्त र क्रान्तिकारीहरूको आवाज बन्द गर्न चेतावनी दिएपछि देशभक्त जनताको स्वाभिमान झनै चुलिएको छ र आवेग र आक्रोशको मात्रा बढेको छ । यो मात्रा यही स्तरमा बढिरहने हो भने भोलि राष्ट्रघाती एमसीसी परियोजना पारित गर्ने र नेपाललाई साम्राज्यवादी सैन्य अखडा बनाउने निर्णयमा ल्याप्चे लगाउने कथित जनप्रतिनिधिहरूमाथि जनआक्रोश बढेर जनकारबाहीको स्तरमा पुग्ने देखिएको छ । तर मातृघातीहरू निरन्तर एमसीसीका पक्षमा बोलिरहेछन् र हिजो महाकालीमा गरिएको राष्ट्रघातभन्दा अझ ठूलो राष्ट्रघात गरेर मातृभूमिलाई साम्राज्यवादी सैन्य क्रीडास्थल र युद्धभूमि बनाउने षड्यन्त्र सफल पार्ने दाउमा लागिरहेका छन् । यो घोर निन्दनीय कदम हो । यसका विरुद्ध नेपाली जनता निरन्तर सचेततापूर्वक लड्नु आवश्यक छ ।

यही भदौ १८ गते गृह मन्त्रालयले साम्राज्यवादी अमेरिकी परियोजना एमसीसीतिर लक्षित गर्दै एउटा वक्तव्य जारी गऱ्यो र भन्यो- विदेशी मित्र राष्ट्रहरूको सहयोगमा सञ्चालित आयोजनाका बारेमा नकारात्मक टिप्पणी नगर, मित्र राष्ट्रहरूको विरोध गर्नेलाई सूक्ष्म निगरानी गरिनेछ र यस्ता गतिविधि गर्नेलाई प्रचलित कानुनबमोजिम कडा कारबाही गरिनेछ । यता गृह मन्त्रालयले देशभक्त नेपालीहरूको अवाज बन्द गर्ने गरी यसप्रकारको वक्तव्य जारी गर्नु, अर्कातिर प्रधानमन्त्री देउवाले एमसीसी पास गर्ने उद्देश्यले भदौ २३ गतेका लागि सङ्घीय संसद्को अधिवेशन आह्वान गर्नु र यही सेरोफेरोमा एमसीसी उपाध्यक्षलाई नेपालमा मन्त्रणा गरिनुले देउवा सरकार किन बनाइएको रहेछ भन्ने रहस्योद्घाटन पनि हुँदै गएको छ । यद्यपि पूर्ववर्ती केपी वली सरकार पनि एमसीसी पारित गर्ने तयारीमा थियो । देशभक्त नेपालीको सचेत आन्दोलन र निरन्तर खबरदारीका कारण मात्र उक्त देशघाती परियोजना संसद्बाट पारित हुन सकेको थिएन । देउवा र वलीको मिलोमतोबाटै पहिले पनि संसद्बाट राष्ट्रघाती महाकाली सन्धि पारित गरिएको कालो इतिहास ताजै छ ।

नेकपाको अन्तर्राष्ट्रिय विभागका इन्चार्ज कञ्चनले सरकारले नियतबस वा वैदेशिक दबाबमा एमसीसीजस्तो राष्ट्रघाती सहमति संसद्बाट पारित गर्ने कोसिस गर्दैछ भन्ने आशङ्का आमरूपमा नेपाली राजनीतिक वृत्तमा गरिएको र यसप्रकारको सहमति तत्काल खारेज गर्नुको सट्टा संसद्बाटै पास गराउनु नेपाली राजनीतिक इतिहासमा सबैभन्दा ठूलो भूल र कलङ्क हुने धारणा सार्वजनिक गरेका छन् । उनले उक्त सहमति संसद्बाटै पारित हुने वा कुनै पनि बहानामा कार्यान्वयन हुने अवस्थामा नेपालको असंलग्न परराष्ट्रनीतिको विपरीत नेपाललाई अमेरिका वा यसको सैन्य गठबन्धनको कठपुतली बनाउने, नेपालका प्राकृतिक सम्पदाहरूमाथि विदेशी प्रभुत्व लादिने, क्षेत्रीय सन्तुलनमा अस्थिरता र गडबडी ल्याउने, नेपाली जनताले राष्ट्रियताको भीषण युद्धको अनावश्यक दुष्चक्रमा फस्नुपर्ने अवस्था आउने र अन्ततोगत्वा यसले देशलाई अफगानिस्तान बनाउने अवस्था उत्पन्न गर्ने पनि बताएका छन् । नेकपाले नेपाल सरकार तथा सरोकारवालाहरूलाई संयुक्त राज्य अमेरिकासँगको यो सहमति तत्काल खारेज गर्न, एमसीसी तथा यससँग सम्बद्ध एमसीएलगायत कार्यालयहरू पूर्ण रूपले बन्द गर्न, यससँग सम्बन्धित सबै कर्मचारीहरूलाई अन्य विभागीय कामहरूमा व्यवस्थापन गर्न र यसबारे भएका सबै कार्यक्रमहरू तत्काल बन्द गर्नका लागि नेपाल सरकार र सम्बन्धित सबैलाई आह्वान पनि गरेको छ । त्यसैगरी नेकपाको केन्द्रीय जनसत्ता केन्द्रीय जनपरिषद् नेपाललेप्रधानमन्त्री देउवाको अभिव्यक्ति, गृह मन्त्रालयको वक्तव्य, एमसीसी परियोजना उपाध्यक्षको नेपाल आगमनको तयारी सबै विषयलाई लिएर गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । जनपरिषद्का प्रमुख विषमले भनेका छन्, 'सरकारको यो अभिव्यक्ति कुनै पनि लोकतान्त्रिक/राज्य-सरकारका लागि लोकतान्त्रिक मूल्य-मान्यताभन्दा बाहिर भएको, देशका नागरिकहरूलाई सूचनाको हकबाट वञ्चित गर्न खोजेको, एमसीसीजस्ता राष्ट्रघाती परियोजना पास गर्न यसको विपक्षमा उठेका मतहरूमाथि प्रतिबन्ध र दमन गर्न खोजेको, देशलाई फेरि द्वन्द्व र अशान्तितिर धकेल्न खोजेको, सि ो देशका नागरिकले एमसीसी देश र जनताको हितमा नभएको ठहर गरी विरोध गरिरहेको र पूर्ण खारेजीको माग गरिरहेको सन्दर्भमा यी सबै नेपाली जनताको भावना र मागलाई लत्याएर हतारमा संसद्वाट पास गर्न खोजेकोमा केन्द्रीय जनपरिषद् नेपाल आपत्ति प्रकट गर्दछ र सरकारको यो अभिव्यक्ति जनताको मागलाई ध्यान दिँदै तुरुन्त फिर्ता लिन अनुरोध गर्दछ ।'

केन्द्रीय जनपरिषद् नेपाल नेपालको दलाल पुँजीवादी सत्ताको विकल्पमा स्थापित र क्रियाशील जनसत्ता हो । देशका शासकहरू नै राष्ट्रघाती भएमा जनताले आफ्नो सत्ता निर्माण गरी देश र जनताको रक्षा गर्नुपर्छ । स्वतन्त्र मुलुक सिक्किममा लेन्डुप दोर्जेको दलालीका विरुद्ध जनसत्ता हुन्थ्यो भने सिक्किमले भारतीय साम्राज्यवादमा विलय हुनुपर्ने थिएन । नेपालमा विगतदेखि नै जनताले राष्ट्रियताको रक्षाका लागि निरन्तर देशभक्तिपूर्ण आन्दोलन गर्दै, अरिलाई परास्त गर्दै र स्वाधीनता जोगाउँदै आएको गौरवशाली इतिहास छ । दलाल पुँजीवादका विरुद्ध एकीकृत जनक्रान्ति सफल हुने र वैज्ञानिक समाजवाद स्थापना हुने एक महत्वपूर्ण आधारका रूपमा देशभक्त जनमतलाई लिइएको छ । नेकपाको जनसत्ताले भनेको छ, 'हामी वर्तमान सरकार र प्रधानमन्त्री तथा जनताको मतबाट निर्वाचित माननीय सांसदज्यूहरूसँग यो राष्ट्रघाती एमसीसी सम्झौता संसद्बाट पास नगर्न, जनताको आकाङ्क्षा एवम् स्वतन्त्र, स्वाभिमान छातीमा संसद् भवनबाट एमसीसीमा सही गरेर छुरी नहान्न र आत्मघाती कार्य नगर्न विनम्र अनुरोध गर्दछौं । अन्यथा यसबाट उत्पन्न हुने भाबी समस्याको भागीदार आफैं हुनु पर्नेछ । यो एउटा सच्चा नागरिकको हित चाहने संस्थाको हैसियतले हामी सरकार, सांसद, ब्युरोक्रेसी, नागरिक समाज र यससँग सरोकार राख्ने आम सचेत नेपाली जनतालाई सचेत गराउन चाहन्छौं ।'

नेकपाको यो हार्दिक आह्वान हो । यो जनताका लागि पूर्वसचेतना र पूर्वतयारीका लागि आह्वान हो भने राष्ट्रघातीहरूका लागि गम्भीर चेतावनी पनि हो । देशभक्त नेपाली जनताको मत लिएर संसद्मा पुग्ने र एमसीसीजस्तो राष्ट्रघाती सहमतिमा ल्याप्चे लगाएर नेपाललाई अफगानिस्तान, इरान, इराक, सिरिया, लिबिया अर्थात् साम्राज्यवादी युद्धभूमि बनाउने षड्यन्त्र भएमा नेपाली जनताले राष्ट्रघाती लेन्डुपहरूको शिरलाई भकुन्डो बनाउनेछैनन् र त्यो आवश्यक हुनेछैन भनेर कसले किन भन्न सक्छ र ? तसर्थ राष्ट्रघाती एमसीसी परियोजना पारित गर्नुअघि नेपाली नागरिक्ता लिएका, नेपाली पोसाक लगाएका र नेपाली जनताको मत लिएर कथित जनप्रतिनिधि कहलिएका व्यक्तिहरूलाई हामी पनि विनम्र अनुरोध र आग्रह गर्न चाहन्छौं- नेपाल र नेपालीमाथि राष्ट्रघात नगर । तिम्रा लागि यो धेरै महँगो साबित हुनेछ । साम्राज्यवादी दादागिरी मुर्दावाद ! साम्राज्यवादी पक्षधरता मुर्दावाद ' एमसीसी मुर्दावाद ! नेपाली राष्ट्रियता र जनक्रान्ति जिन्दावाद !

# २२ औँ राष्ट्रिय सम्मेलनका मुख्य कार्यभार

*हाम्रो शिक्षा दृष्टिकोणविहीन छ जसले गर्दा शिक्षाको परिणाम र प्रतिफल सामाजिक रुपान्तरण वा समाजलाई अगाडि (वैज्ञानिक समाजवादतिर) बढाउने छैन, कि यथास्थितमा, कि त भूतलक्षी खालको छ । शिक्षा दर्शनविहीन छ । त्यसैले नेपालको शिक्षा मानिसलाई साक्षर बनाउने मात्र छ ।*


चिरञ्जीवी ढकाल

नेपालका लाखौँ युवा विद्यार्थीको सङ्गठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) को गौरवपूर्ण २२ औँ राष्ट्रिय सम्मेलन आगामी २०७८ असोज ६, ७ र ८ गते सुन्दर पर्यटकीय नगरी पोखरामा आयोजना गरिएको छ । हाम्रो प्रिय सङ्गठनको गत २०७७ साल फागुन २७, २८ र २९ गते नेपाल कम्युनिस्ट पार्टीका आदरणीय महासचिव कमरेड विप्लवको प्रमुख आतिथ्यमा सम्पन्न केन्द्रीय समितिको पाँचौँ पूर्ण बैठकले राष्ट्रिय सम्मेलनको निधो गरे पनि कोरोना भाइरस सङ्क्रमणको भयावह अवस्थाका कारण २०७८ साल वैशाख ३१ देखि जेठ ४ गतेसम्म निर्धारित राष्ट्रिय सम्मेलन स्थगित गर्नुपरेको थियो । स्थगित भएको राष्ट्रिय सम्मेलन २०७८ साल भदौ १० र ११ गते चितवनमा सम्पन्न आयोजक समितिको पूर्ण बैठकले नयाँ मिति तय गरेको छ । अबको केही साताभित्रै सम्पन्न हुन लागेको हाम्रो सङ्गठनको २२ औँ राष्ट्रिय सम्मेलनले नेपालको शिक्षाका सम्बन्धमा एउटा नयाँ उचाइका साथ विचार र सन्देश सम्प्रेषण गर्नेछ । २२ औँ राष्ट्रिय सम्मेलनको भव्य तयारीका लागि देशव्यापी रूपमा उत्साहपूर्ण ढङ्गले आयोजक समिति क्षे.स.स., जिल्ला र एकाइका कमरेडहरू अनवरत खटिरहनुभएको छ । आगामी राष्ट्रिय सम्मेलनमा मूलतः नेपालको शिक्षा र यसको प्रणालीका सम्बन्धमा बहसहरू केन्द्रित गरिनेछ । राष्ट्रिय सम्मेलनमा देशव्यापी रूपमा प्रतिनिधि तथा पर्यवेक्षक कमरेडहरूको उत्साहपूर्ण उपस्थिति रहनेछ। २२ औँ राष्ट्रिय सम्मेलनमा नेपाल कम्युनिस्ट पार्टीका आदरणीय महासचिव विप्लवसहित नेताहरूको केन्द्रीकरण हुनेछ। हाम्रो पार्टीका जनवर्गीय सङ्गठनका नेता कमरेडहरू, समकालीन विद्यार्थी आन्दोलनमा क्रियाशील विभिन्न विद्यार्थी सङ्गठनका अध्यक्ष तथा प्रतिनिधि, शिक्षाविद्, विश्वविद्यालयका उपकुलपतिहरू, शिक्षक, प्राध्यापक, अनुसन्धानकर्ता, पत्रकारलगायतको उपस्थितिले राष्ट्रिय सम्मेलन एउटा विशेष शैक्षिक मेलाजस्तै हुनेछ। नेपालको वर्तमान शिक्षाका खराबीहरूमाथि धावा बोलिनेछ र विकल्पका रूपमा वैज्ञानिक समाजवादी शिक्षाको प्रारम्भिक मागलाई अगाडि सारिनेछ । नेपालको शिक्षा क्षेत्र जस्तै मेडिकल, इन्जिनियरिङ, कृषि, सूचनाप्रविधि, मानविकी, व्यवस्थापन, चार्टर एकाउन्टेन्ट, कानुनलगायत क्षेत्रमा अध्ययन गरिरहेका विद्यार्थीको प्रतिनिधित्व हुनेछ । अबको नयाँ सन्दर्भमा नेपालको क्रान्तिकारी विद्यार्थी आन्दोलनलाई नयाँ ढङ्गले संश्लेषण गर्दै आन्दोलनको गति र दिशालाई स्पष्टता दिइनेछ । नेपालभरिको समग्र शिक्षामा प्रत्यक्ष वा परोक्ष सरोकार राख्ने व्यक्तिहरूको उपस्थिति रहनेछ। मुख्य रूपमा आगामी गौरवपूर्ण २२ औँ राष्ट्रिय सम्मेलनले देहायका कार्यभारहरूलाई पूरा गर्नेछ :

### (१) समीक्षात्मक कार्यभार

आगामी २२ औँ राष्ट्रिय सम्मेलनले आफ्नोसमीक्षात्मककार्यभारलाईवैज्ञानिक, वस्तुनिष्ठ र मार्क्सवादी ढङ्गले समीक्षा गर्नेछ र कार्यनीतिक र रणनीतिक ढङ्गले आफ्ना आगामी कार्यभारहरूलाई एउटा स्पष्ट गति र दिशा प्रदान गर्नेछ। मुख्यतः हाम्रो सङ्गठनको ऐतिहासिक २१ औँ राष्ट्रिय सम्मेलनले पारित गरेको विधान र प्रतिवेदनमा आधारित हुँदै विभिन्न समयमा सङ्गठनको केन्द्रीय समितिले निर्माण गरेका नीति, योजनाहरूको उपलब्धि र कमजोरीसहितको समीक्षा गरिनेछ । २१ औँ राष्ट्रिय सम्मेलनदेखि यता वैचारिक, राजनीतिक दृष्टिले सङ्गठनले गरेका कामकारबाही, प्रभावकारिताको वस्तुनिष्ठ समीक्षा गरिनेछ। समग्र शैक्षिक/विद्यार्थी आन्दोलनका सन्दर्भमा सङ्गठनले गरेका ऐतिहासिक पहलकदमीको यथोचित मूल्याङ्कन हुनेछ। हाम्रो सङ्गठनले संयुक्त विद्यार्थी आन्दोलनको नेतृत्व प्रदान गर्दै निर्वाह गरेको भूमिका, विभिन्न समयमा सङ्गठनले राष्ट्रियता, जनजीवन तथा जनतन्त्रका विषयमा सञ्चालन गरेको आन्दोलनको संश्लेषण हुनेछ।

यसरी सङ्गठनको गौरवलाई २२ औँ राष्ट्रिय सम्मेलन विगत कामका शाखाहरू विचार/राजनीतिको शाखा, सङ्घर्षको शाखा, सङ्गठनात्मक शाखा, शैक्षिक आन्दोलनको शाखा, राष्ट्रियता, जनजीविका, अन्तर्राष्ट्रिय कामको शाखामा भएगरेका सम्पूर्ण कामहरूको वैज्ञानिक र वस्तुवादी समीक्षा गरिनेछ।

### (२) वैचारिक/राजनीतिक कार्यभार

वास्तवमा शैक्षिक/विद्यार्थी आन्दोलन एक स्पष्ट विचार, राजनीति र दर्शनमा आधारित आन्दोलनको एउटा महत्वपूर्ण शाखा हो । विचार वा दर्शनको मार्गदर्शनबिना एउटा सशक्त शैक्षिक/विद्यार्थी आन्दोलनले किमार्थ सफलता प्राप्त गर्न सक्तैन । वैज्ञानिक, मार्क्सवादी विचार/दर्शनले मात्र सही अर्थमा आजको शैक्षिक/विद्यार्थी आन्दोलनलाई सही दिशा र गति प्रदान गर्न सक्तछ । हामीले हाम्रो सङ्गठनको गौरवपूर्ण २२ औँ राष्ट्रिय सम्मेलनबाट विचार/राजनीतिक वा वैचारिक पक्षधरता स्पष्ट गर्नेछौँ नै। आजको २१ औँ शताब्दीको वैज्ञानिक प्राविधिक युगमा पुराना थुप्रिएका/मक्किएका पुँजीवादी, अझ नेपालका सन्दर्भमा दलाल पुँजीवादी आदर्शवादी विचार/दर्शनको भण्डाफोर गर्नुपर्छ । वैचारिक दृष्टिले सर्वहारा वर्ग पक्षधरतालाई हामी निःसङ्कोच आत्मसात गर्नेछौँ । हाम्रो महान् तथा जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टीले लिएको मालेमावादी, वैज्ञानिक समाजवादी विचार/दर्शनलाई हामी हाम्रो वैचारिक मार्गदर्शनका रूपमा अख्तियार गर्दछौँ । आगामी २२ औँ राष्ट्रिय सम्मेलन एकीकृत जनक्रान्तिका विभिन्न कार्यनीतिक शृङ्खलाहरूमार्फत वैज्ञानिक समाजवाद प्राप्तिको वैचारिक आलोकमा उभिनेछ । विचार, राजनीतिका क्षेत्रमा कम्युनिस्ट मूल्य, मान्यता, आदर्श र संस्कृतिलाई ग्रहण गर्दै राष्ट्रिय सम्मेलनले शैक्षिक आन्दोलनको दिशा र गतिलाई निःसन्देह विजयको शिखरमा पुऱ्याइछाड्ने प्रतिबद्धता गर्ने नै छ । नेपालका लाखौँ युवा विद्यार्थीलाई शैक्षिक/विद्यार्थी आन्दोलनमार्फत कम्युनिस्ट आन्दोलनको मूल क्रान्तिकारी प्रवाहमा प्रवाहित गराउने अठोट गर्नेछ।

### (३) शैक्षिक कार्यभार

नेपालमा चालू शिक्षा र यसको वितरणप्रणाली ज्यादै खराब छ । हुनत शिक्षा आफैँमा सकारात्मक शब्द हो तर कस्तो शिक्षा भन्ने त हुने नै भयो । नेपालको शिक्षा क्षेत्रमा देखापरेका तमाम खराबीहरूलाई उजागर गर्ने, ती खराबीहरूको अन्त्यका लागि सङ्घर्ष गर्ने र शिक्षामा नयाँ विकल्प सुझाउने आगामी राष्ट्रिय सम्मेलनले पूरा गर्नुपर्ने शैक्षिक कार्यभार हो। यसअन्तर्गत आगामी दिनमा समग्र विद्यार्थी आन्दोलनको कार्यनीति र रणनीति तय गरिनेछ। वास्तवमा नेपालमा अहिलेको शिक्षाप्रणाली राष्ट्र र जनताको हितमा छैन। हाम्रो शिक्षा दृष्टिकोणविहीन छ जसले गर्दा शिक्षाको परिणाम र प्रतिफल सामाजिक रूपान्तरण वा समाजलाई अगाडि (वैज्ञानिक समाजवादतिर) बढाउने छैन, कि यथास्थितमा, कि त भूतलक्षी खालको छ। शिक्षा दर्शनविहीन छ । त्यसैले नेपालको शिक्षा मानिसलाई साक्षर बनाउने मात्र छ । सामन्तवादी शिक्षाको अन्त्यसँगै पुँजीवादले शिक्षाका नीति तथा रणनीतिहरू तयार गऱ्यो । पुँजीवादले आफूलाई अनुकूल हुने शिक्षा दियो। शिक्षालाई सामन्ती कुलीनतन्त्रबाट खोसेर पुँजीवादले सबैको पहुँचमा शिक्षा हुने र शिक्षा स्वतन्त्र हुनेछ भन्यो । मध्ययुगको अन्त्यपछि सामन्ती, कुलीन शासक वर्गबाट शिक्षालाई खोसेर आमजनताको पहुँच हुनेछ भन्ने तत्कालीन पुँजीवादी कार्य प्रगतिशील नै मान्नुपर्ने हुन्छ तर बदलिँदो समाज, परिवेश र जनताको चाहना, आकाङ्क्षा र आवश्यकतालाई वर्तमान पुँजीवादी स्वतन्त्र शिक्षाले पूरा गर्न सकेन र यो असफलताको चक्रव्यूहमा फस्यो, फसिरहेकै छ । पुँजीवादी विचार र दर्शनमा आधारित शिक्षाले मुठीभर पुँजीवादीको स्वार्थ त पूरा गऱ्यो र गरिरहेकै छ तर राष्ट्र र जनताको आवश्यकतालाई सम्बोधन गर्नु त परैको कुरा, उल्टो शिक्षालाई आमजनतामाथि शोषण, दमन, विभेद, द्वेष, घृणामार्फत, अभाव, दिशा र दृष्टिकोणविहीन बनाइदिएको छ । पुँजीवादले आफ्नै सेवा र चाकडी गर्ने, निर्विवेकी, फगत साक्षरहरूको भीड तयार गरिरहेको छ। कथित विशिष्टताका नाममा मानिसका दृष्टिकोण र मस्तिष्कमाथि छद्म भेषमा पर्दा हालिरहेको छ। यसले दलाल पुँजीवादको विचार/दर्शनमा आधारित वर्तमान शिक्षा र यसको प्रणालीलाई एउटा सुस्पष्ट विचार, दृष्टिकोण र दर्शनले मार्गदर्शन गर्नु आजको शैक्षिक कार्यभारको ज्यादै महत्वपूर्ण पक्ष हो। यसरी आगामी २२ औँ राष्ट्रिय सम्मेलनले शिक्षाको कार्यदिशा/कार्यनीति र रणनीतिहरूको नयाँ उचाइमा संश्लेषण गर्नेछ।

### (४) नेतृत्व निर्माणसम्बन्धी कार्यभार

वस्तुनिष्ठ समीक्षापछि मालेमावादी विचार, दृष्टिकोण र वैज्ञानिक समाजवादको वैचारिक आलोकमा आगामी शैक्षिक/विद्यार्थी आन्दोलन अगाडि बढ्नेछ । विचार र राजनीतिमा स्पष्टता, शैक्षिक/कार्यनीति र रणनीतिहरूको निर्माणपछि त्यस्ता नीति तथा रणनीतिहरूको कार्यान्वयनका लागि नेतृत्व निर्माणको कार्यभारलाई अगामी २२ औँ राष्ट्रिय सम्मेलनले फत्ते गर्ने .छ । सशक्त, जुझारु, प्रतिबद्ध युवाहरूको आगामी नेतृत्वले सुस्पष्ट दृष्टिकोणसहित नेपालको समग्र शैक्षिक तथा विद्यार्थी आन्दोलनको नेतृत्व गर्नेछ। आफ्नो निजी विचार र जीवनलाई त्यागेर सम्पूर्ण राष्ट्र र जनताको हितार्थ आफूलाई समर्पणभावका साथ इमानदारीपूर्वक उभ्याउने विद्यार्थी आन्दोलनको नेतृत्व चयन हुने नै छ। अहिलेको क्रान्ति, शैक्षिक आन्दोलनको चापलाई समेत दृष्टिगत गरी आगामी नेतृत्व निर्माण हुनेछ जसले नेपालको समग्र शैक्षिक आन्दोलनसँगै राजनीतिक (वैज्ञानिक समाजवादी) आन्दोलनलाईसमेत विशिष्ट योगदान पुऱ्याउने नै छ।

अन्त्यमा, हाम्रो प्रिय सङ्गठन अखिल (क्रान्तिकारी) को गौरवशाली र ऐतिहासिक २२ औँ राष्ट्रिय सम्मेलनलाई भव्यतापूर्वक सम्पन्न गर्नका लागि अहोरात्र खटिरहनुभएका आयोजक समिति, क्षे.स.स., जिल्ला समितिदेखि एकाइसम्मका सम्पूर्ण कमरेडलाई धेरै-धेरै धन्यवाद दिन चाहन्छौँ । सम्मेलनको चापलाई सम्पूर्ण कमरेहरूले मनन गर्दै, अगाडी बढ्न अपिल गर्दछौँ । नेपालका लाखौँ युवा विद्यार्थी, राजनीतिकर्मी, शिक्षाविद्, शिक्षाप्रेमी, पत्रकार सबैको ध्यान हाम्रो गौरवपूर्ण २२ औँ राष्ट्रिय सम्मेलनमा केन्द्रित भएको छ । त्याग, बलिदान र समर्पणको इतिहास बोकेको हाम्रो प्रिय सङ्गठन अखिल (क्रान्तिकारी) को २२ औँ राष्ट्रिय सम्मेलन नजिकिँदै गर्दा हामीलाई सम्मेलन सफलताको शुभकामना दिनुहुने सम्पूर्ण राजनीतिकर्मी, शिक्षाविद्, विद्यार्थी, अभिभावक, शिक्षक, प्राध्यापक, बुद्धिजीवीहरू, पत्रकारलगायत सम्पूर्ण शुभेच्छुकहरूमा विशेष आभार प्रकट गर्न चाहन्छौँ ।

# साम्राज्यवादी अतिक्रमण र हस्तक्षेपविरुद्ध सङ्घर्ष गरौँ : लेखक सङ्घ

**रातोखबर संवाददाता**/काठमाडौं

अखिल नेपाल लेखक सङ्घले साम्राज्यवादी अतिक्रमण र हस्तक्षेपविरुद्ध सिर्जनात्मक र भौतिक रूपमा लामबद्ध हुन सम्पूर्ण मार्क्सवादी, देशभक्त, क्रान्तिकारी स्रष्टाहरूलाई आह्वान गरेको छ।

सङ्गठनकी अध्यक्ष शोभा दुलाल र महासचिव खोमा तरामु मगरले सोमबार वक्तव्य जारी गर्दै सिङ्गो देश एमसीसीको विपक्षमा उभिएको बेला नेपालको संसद्बाट एमसीसी परियोजना पास गराउन अमेरिकी उच्च अधिकारीहरूको दौडधूपप्रति गम्भीर ध्यानाकर्षण भएको र यो सम्झौता हिन्द प्रशान्त रणनीतिअन्तर्गत रहेको अमेरिकी सैन्य रणनीतिसँग सम्बन्धित रहेको बताएका छन्। वक्तव्यमा एमसीसीको उद्देश्य अमेरिकाले अन्तरदेशीय प्रसारण लाइनका क्षेत्रमा आर्थिक सहयोग गर्ने बहानामा दक्षिणएसियामा चीनको प्रभाव रोक्ने, नेपाललगायत दक्षिणएसियामा देखिएको कम्युनिस्ट क्रान्तिको सम्भावनालाई रोक्ने र नेपालमा अमेरिकी सैन्य अड्डा खडा गर्ने रहेको बताइएको छ।

वक्तव्यमा अहिले देउवा-प्रचण्ड गठबन्धन सरकारले नेपाली जनताको अभिव्यक्ति स्वतन्त्रतामाथि आक्रमण गर्दै एमसीसीको विरोध गर्नेहरूलाई निगरानी गर्ने र कारवाही गर्ने धम्कीपूर्ण अभिव्यक्ति दिइएकोमा घोर निन्दा एवम् भर्त्सना गरिएको छ । वक्तव्यमा राष्ट्रघाती एमसीसी परियोजनाविरुद्ध सिर्जनात्मक र भौतिक रूपमा लामबद्ध हुन सम्पूर्ण लेखक, साहित्यकार एवम् संस्कृतिकर्मीहरूलाई अपिल गरिएको छ।

वक्तव्यमा दार्चुलाको मालघाटस्थित तुइनमा झुन्डिएर महाकाली नदी पार गर्न लाग्दा भारतीय एसएसबीका सुरक्षाकर्मीले रूखमा बाँधिएको तुइनको तार काटिदिएपछि खसेर बेपत्ता भएका जयसिंह धामीको हत्यामा संलग्न भारतीय सुरक्षाकर्मीविरुद्ध कारबाहीप्रक्रिया अगाडि नबढेकाले भारत सरकारसँग पहल गरी तत्काल कारबाही गर्नसमेत जोडदार माग गरिएको छ।

पृष्ठ १ बाट क्रमशः

# 'एक्काईसौँ शताब्दीमा मार्क्स' मार्क्सवाद : प्रयोग गर र फ्याँक !

उनले मार्क्सवाद–लेनिनवाद–माओवाद मात्र होइन, मार्क्सवाद नै त्यागेको घोषणा गरेका थिए। उक्त समयमा उनले मार्क्सवाद त्याग्नुका कारण प्रस्ट्याएका थिएनन् । उनकी छोरी मानुषी यमि–भट्टराईले सम्पादन गरेको रातो झिल्कोको वर्ष १०, पूर्णाङ्क १५, वैशाख–असोज २०७६ को अङ्कमा प्रकाशित लेख 'एक्काईसौँ शताब्दीमा कार्ल मार्क्स' मा 'मार्क्सवाद कि मार्क्सीय पद्धति ?', १९ औँ र २१ औँ शताब्दीको विश्व, एक्काईसौँ शताब्दीमा मार्क्सका विचारहरू, नेपालमा मार्क्स र निष्कर्ष विषयहरूमा आफ्नो धारणा प्रस्तुत गरी मार्क्सवाद नै नभएको पुष्टि गर्ने कुचेष्टा गरेका छन् । उनीजस्तै पूर्वमार्क्सवादीहरू नेपालमा पनि प्रशस्तै देखिन थालेका छन् । ४ वर्षअघि चैतन्य मिश्रले मार्क्सवाद परित्याग गरेको घोषणा गरेका थिए ।

पूर्वमार्क्सवादी कित्तामा लामबद्ध हुन पुगेका बाबुरामको राजनीतिक पाइला तत्कालीन अवस्थामा सामाजिक जनवादी विचार बोकेको नेपाली काङ्ग्रेसबाट चलेको थियो । चालीसको दशकको मध्यदेखि उनी मार्क्सवादबाट प्रभावित भएका थिए। भारतको जवाहरलाल नेहरू विश्वविद्यालयमा अध्ययन गर्दा भट्टराईको विद्यावारिधिको विषय The Nature of Underdevelopment and Regional Structure of Nepal : A Marxist Analysis[2] बनाएपछि आफूलाई मार्क्सवादी चिन्तक र प्रयोगकर्ताका रूपमा नेपालमा चिनाएका थिए । आफूलाई मार्क्सवादी घोषणा गरेको ३६ वर्षमा बाबुराम यही विचार धारण गरेका कारण साम्यवादी राजनीतिको शिखरमा पुगे, सत्ता सञ्चालक बन्न पुगे, कार्यकारी प्रमुख बने । उनले आफूलाई नेपालमा संविधानसभाको अपरिहार्यताको व्याख्याता भएको दाबी गर्ने गर्थे । जनयुद्ध सुरु हुनुभन्दा पहिला मार्क्सवादलाई आधार बनाएर यहाँको अर्थतन्त्र, राजनीतिक प्रणाली, समाज विकासको खोजी गरेर जनयुद्धमा जानुपर्ने निष्कर्ष आफूले निकालेको पनि उनको दाबी रहँदै आएको थियो । जब देशमा गणतन्त्रको स्थापना भयो, एक किसिमको सङ्घीयता र धर्मनिरपेक्षता संविधानमा लेखियो अनि बाबुरामले तत्कालीन एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) लाई रातो स्टिकर टाँसेको घर भन्दै छाडेको घोषणा गरेर हिँडेका थिए । त्योभन्दा ठीक एक वर्षअगाडि बाबुरामले नेपालमा नयाँ शक्तिको आवश्यकताको बहस सुरु गरेका थिए । त्यसको निचोड थियो- नवउदारवाद र समाजवादको समायोजन । अहिले आएर उनी मार्क्सवादकै विरुद्धमा उत्रिएका छन् । त्यसैले उनले समूह र अनुक्रममा मार्क्सवादका विरुद्ध प्रमाणहरू प्रस्तुत गर्ने दुस्साहस गरेका छन् । उनका यस्ता विनिर्माणात्मक भ्रमहरूलाई तथ्यहरूका आधारमा खारेज गर्न जरुरी भएको छ । त्यसैले सङ्गतिपूर्ण अनुक्रमात्मक शृङ्खलामा उनले पेस गरेका खण्डनहरूको पनि खण्डन गरिनेछ ।

## २.० एक्काईसौँ शताब्दीमा मार्क्सका विचारहरू

दर्शनका क्षेत्रमा बाबुरामले मार्क्स–एङ्गेल्सद्वारा प्रतिपादित 'भौतिकवादी द्वन्द्ववाद' 'भौतिक र सामाजिक संसार बहुआयामिक र निरन्तर गतिशील हुने हुनाले तिनमा धेरै शक्तिहरू एकैसाथ टकराइरहेका हुन्छन् । त्यसैले तिनलाई बुझ्ने र बदल्ने क्रममा एउटै दिशा र गतिलाई मात्र पक्रनु सट्टा अन्य सम्भावित दिशा र गतिलाई पनि सँगसँगै ध्यान दिनुपर्ने हुन्छ । मार्क्सपछि विकसित भएका क्वान्टम यान्त्रिकीका अनिश्चितताको सिद्धान्त (वा कण-तरङ्ग द्वैधता) र मानव जीवकोषिका मापनमा देखिएको मूलभूत समानताभित्र उल्लेखनीय भिन्नताहरू र समाज विकासका क्रममा देखिएका आमसमानताभित्रका ठोस असमान मार्गहरूले द्वन्द्ववादी विकासको सिद्धान्तलाई थप विकासित र परिमार्जित गर्नुपर्ने देखिन्छ । खासगरी २० औँ शताब्दीमा समाजवाद निर्माणका क्रममा देखिएका एकल-रेखीय बाटाहरूको असफलताले पनि समस्याको समाधान व्यावहारिक साथसाथै वैचारिक रूपमा नै खोज्नुपर्ने हुन्छ । यसको अर्थ जीवन र जगत्को गतिका कुनै नियम छैनन् भन्ने हैन, बरु त्यसको ठीक उल्टो नियमहरू एकल-रेखीय नभएर बहु-रेखीय छन् भन्ने हो । पछिल्लो चरणमा स्टिफन हकिङ्गलगायत वैज्ञानिक र चिन्तकहरूले अघि सारेको बहु-ब्रह्माण्डको अवधारणा र प्रत्येक ब्रह्माण्डमा छुट्टाछुट्टै भौतिकीका नियम हुनसक्ने प्रस्तावनाले मार्क्सीय भौतिकवादी द्वन्द्ववादका नियमहरूलाई मौलिक रूपमै परिमार्जित र विकसित गर्नुपर्ने भएको छ । सम्भवतः दर्शनशास्त्रका क्षेत्रमा यो सबभन्दा महत्वपूर्ण कार्यभार हुनसक्छ ।'[३]

## प्रतिउत्तर

### १. भौतिकवादी द्वन्द्ववादका बारेमा

डाक्टर साहेबले 'भौतिकवादी द्वन्द्ववाद' मार्क्सको पालाको जस्तै नहुनुको मुख्य कारण दिशा र गतिलाई सँगसँगै ध्यान नदिइएको आरोप छ । आफूलाई अहिले पनि भौतिकवादी भन्न रुचाउने भट्टराईले ' मार्क्सपछि विकसित भएका क्वान्टम यान्त्रिकीका अनिश्चितताको सिद्धान्त (वा कण-तरङ्ग द्वैधता) र मानव जीवकोषिका मापनमा देखिएको मूलभूत समानताभित्र उल्लेखनीय भिन्नताहरू र समाज विकासका क्रममा देखिएका आमसमानताभित्रका ठोस असमान मार्गहरूले द्वन्द्ववादी विकासको सिद्धान्तलाई थप विकसित र परिमार्जित गर्नुपर्ने देखिन्छ' भन्ने तर्क राखेका छन् । त्यसो भन्नुको अर्थ लाग्दछ सापेक्षता र क्वान्टम सिद्धान्त भौतिकवादमा आधारित छैनन् वा द्वन्द्ववादी छैनन् । उनको यो भनाइले यी सिद्धान्तको गहिरो अध्ययन छैन भन्ने बुझिन्छ । त्यसैले एकपटक यी सिद्धान्तका बारेमा सामान्य जानकारी राखौँ न त !

के हुन् सापेक्षताको र क्वाटम सिद्धान्त ? १९०५ मा अल्बर्ट आइन्स्टाइनले सापेक्षताको सिद्धान्तलाई सूत्रबद्ध गर्नुभयो । आइन्स्टाइन चम्किलो इथरको असफल खोज (१८८७ को Michelson–Morley experiment)[५] र म्याक्सवेलको विद्युत् चुम्बकीयवादको सिद्धान्तबाट प्रेरित हुनुभएको थियो । यसैको आधारमा आइन्स्टाइनले प्रकाश विद्युतीय प्रभावका बारेमा खोज गर्नुभयो जसले प्रकाशको सबैभन्दा सानो अवस्था फोनोटको अवधारणा ल्यायो । यो एक किसिमको कण हो । फोटोन भनेको प्रकाशको क्वान्टम परिमाण हो जुन विद्युत् चुम्बकीय विकिरणमा रहेको ऊर्जाको प्याकेट हो । यसले प्रकाशलाई पनि पदार्थ हो भन्ने पुस्टि गर्दछ । जसरी लेनिनले पदार्थलाई विद्युत्सम्म सीमित हुने बताउनुभएको थियो । आइन्स्टाइनले पनि आफ्नो प्रकाश विद्युतीय असरमा वस्तुको इलेक्ट्रोनबाट चम्किलो पदार्थ निकाल्न सकिने अवधारणा ल्याउनुभयो ।

अब आयो क्वाटम सिद्धान्तका बारेमा । पारमाणविक र उपपारमाणविक तहमा रहेको पदार्थको ऊर्जाको आचरण र प्रकृतिलाई व्याख्या गर्ने आधुनिक सैद्धान्तिक आधारलाई क्वान्टम सिद्धान्त भनिन्छ । यसैगरी क्वाटम यान्त्रिकी भनेको सानो मात्रामा रहेको, पारमाणविक र उपपारमाणविक कणहरूको भौतिक रूपमा विशेषताहरूको व्याख्या गर्ने भौतिकशास्त्रको आधारभूत सिद्धान्त हो । यो क्वान्टम रसायनशास्त्र, क्वान्टम फिल्ड सिद्धान्त, क्वान्टम प्रविधि र क्वान्टम सूचना, क्वान्टम भौतिकशास्त्र सबै पर्दछन् । एक्काईसौँ शताब्दीमा विज्ञानले गरेको चमत्कार यसैका आधारमा हो जसको दुरुपयोग कथित द्वन्द्वात्मक भौतिकवादी, भौतिकवादी र आदर्शवादीहरूले गरिराखेका छन् ।

भौतिक विज्ञानमा सापेक्षता र क्वान्टम सिद्धानतको खोजपछि पनि निरन्तरता पाइरहेको छ मूलतः वस्तुका बारेमा । उदाहरणका लागि क्वार्कलाई लिन सकिन्छ । क्वार्कको नमुनालाई १९६४ मा मुरेय गेल–म्यान र जर्ज ज्वेइगले पहिलोपटक प्रस्तुत गरेका थिए । दुई वा तीनवटा क्वार्कहरू मिलेर हाड्रोन बनेको हुन्छ । त्यसैगरी प्रोटोन पनि दुईवटा अप, एउटा डाउन र ग्लुओनस मिलेर ' बाइन्डिङ' बलहरूद्वारा एकआपसमा बनाइएको हुन्छ । यसका बारेमा थप कुरा पछि गरौँला । यहाँ यो प्रसङ्ग उठाउनुको तात्पर्य के हो भने माओले आफ्नो दर्शनको प्रवचनमा १८ अगस्ट, १९६४ मा चुवाङ्जुले भनेको 'एक फुट लामो वस्तुलाई हरेकपटक आधा–आधा पारेर टुक्र्याउँदै जाने हो भने त्यसलाई कहिल्यै शून्य बनाउन सकिँदैन' यो सत्य हो'६ भन्नुभएको छ । उहाँ अगाडि भन्नुहुन्छ, 'तपाईंलाई विश्वास लाग्दैन भने मनमा गुनिरहनुस् । त्यसरी कुनै वस्तुलाई शून्यमा बदल्ने सकिने भएको भए त विज्ञान भन्ने कुनै कुरा नै हुँदैनथ्यो' ७ भनेर द्वन्द्वात्मक भौतिकवाद मार्क्सवादसङ्गत मात्र भन्ने प्रमाण पेस गर्नुभएको छ भने पदार्थको अस्तित्वलाई पुनर्पुष्टि गर्नुभएको छ ।

१९६० को दशकमा तार सिद्धान्त (स्ट्रिङ थ्योरी) को आविष्कार भयो । तार सिद्धान्त सबै सिद्धान्त उत्पादन गर्न प्रस्तावित विधिहरूमध्येको एक हो । यो एउटा यस्तो मोडेल हो जसले सबै ज्ञात कणहरू र शक्तिहरूको वर्णन गर्दछ र यसले भौतिक विज्ञानको मानक मोडललाई छोडिदिन्छ जसले गुरुत्वाकर्षणबाहेक सबै कुरा वर्णन गर्न सक्छ । धेरै वैज्ञानिक यसको गणितीय सुन्दरताका कारण तार सिद्धान्तमा विश्वास गर्दछन् । तार सिद्धान्तले ब्रह्माण्डको आधारभूत अवयव एक–आयामिक ' तार' 'बुँदा– जस्तो कणहरू' भन्दा पनि हुन्छ वा अतिरिक्त सात आयामको स्थान आवश्यक पर्दछ र यसले सानालाई थप ठूला आयामहरूलाई समावेश गर्ने तरिका प्रस्ताव गर्दछ । तार सिद्धान्तको प्राथमिक लक्ष्य भनेको क्वान्टम यान्त्रिकी (सानो वस्तुको नियम) र सामान्य सापेक्षताको सिद्धान्त (ठूलो वस्तुको नियम) लाई एकल गणितीय रूपले लगातार फ्रेमवर्कमा सामेल हुनु हो । ..ब्रह्माण्ड पक्कै पनि सुसङ्गत छ, हामीसँग गणितीय विवरण जुन सङ्गत छ, पनि आवश्यक छ । विश्वलाई थाहा छ- यहाँ तीनवटा आयामहरू छन् लम्बाइ, चौडाइ र उचाइ वा गहिराइ र अहिले आएर समय पनि थपिएको छ । तर आयमाहरू धेरै छन् भन्ने छ । तार सिद्धान्तअनुसार पछिल्लो आधा शताब्दीको प्रमुख भौतिक विज्ञानको नमुनाले ब्रह्माण्ड १० वटा आयामहरूको साथमा सञ्चालित छ ।

वास्तवमा सापेक्षता, क्वान्टम र तार सिद्धान्तहरू नै भौतिकवादी द्वन्द्ववादलाई प्रकृति विज्ञानको प्रयोगद्वारा पुष्टि गरिएको थियो । हिक्स बोजोन (Higgs Boson) र ग्याबिटोन (Graviton) को खोज भएको छ । १९६४ मा पिटर हिग्सले energy प्राप्त गर्‍यो भने हिग्स वोजोन बन्दछ भन्ने कुरा पत्ता लगाएका थिए । ब्रह्माण्डको सबैतिर Magnetic, Electric, gravitational, electron, higgs, Quark, gluon field हुन्छ तर ज्ननक ष्बमि ब्रह्माण्डको सबैतिर समान रूपमा रहेको हुन्छ । त्यही Higgs field लाई Energy दिएमा Higgs Boson बन्दछ । यसलाई God particle पनि भनिन्छ । त्यही Higgs Boson सँग कुनै particle ले Interact गरेपछि mass बन्दछ । उक्त कुरालाई ४ जुलाई २०१२ मा Large Hadron Collider गरिएको experiment ले भौतिक रूपमा प्रमाणित भएको थियो । यसै invention लाई लिएर Pitter Higgs लाई ८ अक्टोबर २०१३ मा नोबेल पुरस्कार दिइएको थियो । Higgs को सिद्धान्त र प्रयोगले Materialism and dialectics Marxist अवधारणालाई पुनर्पुष्टि गर्दैन र ? अथवा मार्क्स भौतिकवादी द्वन्द्ववादभन्दा बाहिरबाट पुष्टि गर्न सकिन्छ ? यसबाट मार्क्सवादी दर्शन वा भौतिकवादी द्वन्द्ववाद जीवन र जगत्लाई व्याख्या गर्ने एक मात्र सही दृष्टिकोण र विधि हो । त्यसैले आफू उक्त दर्शनबाट च्यूत भैयो भन्दैमा फतुर आरोप लगाउनु हुँदैन । हुनत लेनिनले पनि माख, अभिनारिएस, बाग्डोनोभजस्ताका फतुर कुराको खण्डन गर्नुपरेको थियो ।

### २. अतिरिक्त मूल्यको सिद्धान्तका बारेमा

'अतिरिक्त मूल्यको सिद्धान्त : पुँजीपतिले श्रमिकलाई उसको जीवनको पुनरुत्पादनका निम्ति आवश्यक न्यूनतम् मूल्य मात्र ज्यालाका रूपमा तिरेर उसको श्रमको अतिरिक्त मूल्य आफ्नो पुँजी लगानीको मुनाफाका रूपमा दोहन गर्छ भन्ने अतिरिक्त मूल्यको सिद्धान्त राजनीतिक अर्थशास्त्रमा मार्क्सको मुख्य देन मानिन्छ । सुरुको म्यानुफ्याक्चरिङ र फ्याक्ट्री उत्पादनको चरणमा मेसिन प्रविधिको कम उपयोग हुने हुँदा श्रमिकहरूलाई बढी समय काम गराएर निरपेक्ष अतिरिक्त मूल्य दोहन गर्ने प्रवृत्ति व्यापक हुन्थ्यो तर विज्ञान प्रविधिको विकाससँगसँगै पछिल्लो चरणमा श्रमिकको उत्पादकत्व बढाएर सापेक्ष अतिरिक्त मूल्य हस्तगन गर्ने प्रवृत्ति बढ्दै गयो । अहिले त झन् स्वचालित यन्त्रहरूको बढी प्रयोग गरेर मजदुरहरूलाई विस्थापित गर्ने र टुक्रे तथा सेवामूलक काममा लगाउने प्रवृत्ति बढ्दो छ । त्यसैले मार्क्सको सुरुको अतिरिक्त मूल्यको प्रस्थापनामा समयक्रममा निकै परिवर्तन हुँदै गएको छ र पुँजी र श्रमबीचको सम्बन्धको चरित्र पनि फेरिँदै गएको कुरालाई गम्भीरतापूर्वक ध्यान दिनु पर्दछ ।'[७]

## प्रतिउत्तर

बाबुरामले माथि भनेका कुराले प्रविधिको विकासले अतिरिक्त मूल्यको हस्तगन गर्ने प्रवृत्ति बढ्नु, मजदूरको विस्थापन हुनु र टुक्रे तथा सेवामूलक काममा लगाउने प्रवृत्ति बढेको पुष्टि गर्ने कोसिस गरेका छन् । यसका लागि डक्टरले मार्क्सले पुँजीमा लेखेका यी कुराहरूलाई राम्रोसँग याद गर्न जरुरी छ :

'वस्तुको पुँजीवादी लागत र यसको वास्तविक उत्पादन लागत दुई फरक परिमाण छन् । वस्तुको मूल्यको त्यो भाग जो अतिरिक्त मूल्य बनाउँछ पुँजीपतिका लागि केही खर्च गर्दैन किनकि यो मजदुरको तलबबिना श्रमको लागत हो । तैपनि पुँजीवादी उत्पादनका आधारमा, मजदुर उत्पादन प्रक्रियामा प्रवेश गरेपछि उनी आफैँ सञ्चालनशील उत्पादक पुँजीको एक घटक हुन् जो पुँजीपतिसँग सम्बन्धित छ । तसर्थ पुँजीपति वस्तुको वास्तविक उत्पादक हो । यसकारण को लागि कमोडिटीको लागत मूल्य २० अध्याय म जरुरी पुँजीपति को लागि वस्तु को वास्तविक लागतको रूपमा देखिन्छ । हामी प लाई लागत-मूल्य, सूत्रमा लिन्छौँ $C = c + v + s$ सूत्रमा परिणत हुन्छ $C = k + s$, त्यो हो, वस्तु मूल्य = लागत-मूल्य + अतिरिक्त-मूल्य ।' ढ

'पुँजीको सामान्य सूत्र हो M-C-M अन्य शब्दहरूमा, मूल्यको एक रकम परिसंचरणमा फ्याँकिन्छ योबाट एक ठूलो रकम निकाल्न का लागि । यो ठूलो रकम उत्पादन गर्ने प्रक्रिया पुँजीवादी उत्पादन हो । प्रक्रिया हो कि यो महसुस हुन्छ पुँजीको परिसंचरण हो । पुँजीपतिले आफ्नो हितका लागि कुनै वस्तु उत्पादन गर्दैन, न त यसको उपयोग मूल्य, वा उसको व्यक्तिगत उपभोगका लागि । उत्पादन जसमा पुँजीपति साँच्चै चासो राख्छन् त्यो स्पष्ट उत्पादन मात्र होइन तर उत्पादनद्वारा यसको उपभोग गरिएको पुँजीको मूल्यभन्दा बढी मूल्य हो । पुँजीपतिले अधिशेष मूल्यको उत्पादनमा यसको घटकद्वारा निर्वाह गरिएको फरक भूमिकाको परबाह नगरी कुल पुँजीको अग्रीम । उनी यी सबै अवयवहरूलाई समान रूपले अगाडि बढाउँछन्, उन्नत पुँजीको पुनरुत्पादन गर्नका लागि मात्र होइन तर यसको अधिक मूल्यको उत्पादन गर्नका लागि । एक मात्र तरिका जसमा उनी आफ्नो उन्नत चर पुँजीको मूल्यलाई एक ठूलो मूल्यमा रूपान्तरण गर्न सक्छन् यो जीवित श्रमका लागी आदानप्रदान गरेर र जीवित श्रमको शोषण ।

तर उसले यो श्रमको शोषण गर्न सक्दैन जबसम्म उसले यो श्रम अर्थात् श्रमको साधन र श्रमको विषय, मेसिनरी र कच्चा मालका सर्तहरूको एक साथ अग्रीम अर्थात्, जबसम्म उसले आफ्नो कब्जामा मूल्यको एक निश्चित रूपमा रूपान्तरण गर्दैन । उत्पादनका सर्तहरू को ; किनकि उनी एक पुँजीपति हुन् र श्रमको शोषणको प्रक्रिया मात्र गर्न सक्छन् किनभने श्रमका सर्तहरूका मालिक हुनाले, उनी मजदुरको सामना मात्र श्रमशक्तिको मालिकका रूपमा गर्छन् । As already shown in the first book [English edition: Vol. 1, pp. 168-69. 714-16. –Ed.], यो वास्तवमा यो तथ्य हो कि गैरकामदारहरू उत्पादनका साधनहरूका मालिक हुन् जसले मजदुरहरूलाई ज्याला-मजदुर र गैर-श्रमिकहरूलाई पुँजीपति बनाउँछ ।'[१०]

मार्क्सले अध्ययन गर्नुभन्दा पहिला नै १८११ देखि १२ मा बेलायतका मजदुरहरूले स्वतःस्फूर्त ढङ्गल मेसिनतोड (लुडाइट) आन्दोलन चलेको, दमन भोगिसकेपछि १८१३ देखि सङ्गठित हुन थाले, १८३२ देखि बेलायतका मजदुरहरूले मागपत्र (चार्टिस्ट) आन्दोलन सुरु गरे, १८३२ देखि १८४२ सम्म पूरै १० वर्ष चार्टिस्ट आन्दोलन चल्यो, १८३२ मा पेरिसका मजदुरहरूले विद्रोह गरे, १८४४ मा जर्मनीका सिलेसिया (हाल पोल्यान्डमा पर्छ) सहरका कपडा बुन्ने मजदुरहरूले पनि विद्रोह गरेका थिए । यी तथ्यहरूले उद्योग र उत्पादनमा मेसिनको जडानका कारण मार्क्सले आविष्कार गरेको अतिरिक्त मूल्यको सिद्धान्तमाथि नै प्रश्न गर्नुपर्ने अवस्था छैन ।

## प्रविधिको विकास र अतिरिक्त–मूल्य

मार्क्सले मेसिनको प्रवेशसँगै अतिरिक्त–मूल्यमा हजार प्रतिशतसम्म वृद्धि[८] भएको कुरा गर्नुभएको छ । अहिले चौथो औद्योगिक क्रान्तिको युग हो । त्यसैले यहाँ विज्ञान प्रविधि र सूचना प्रविधिमा भएको विकासले अतिरिक्त मूल्यको सिद्धान्तलाई गलत साबित गरेको छ कि झनै पुष्टि गरेको छ । एकपटक यो उदाहरणलाई अध्ययन गरौँ :

Smart Toothbrush, Robort Birds, Math Clock, Light Bike, Basketball practice net, Fish robot, Lifesaver drone, Two-wheeler, Smart trash bin पछिल्ला आविष्कारहरू हुन् जसमा उच्च प्रकारका प्रविधिहरू जडान गरिएका छन् र यिनीहरूमा आर्टिफिसियल इन्टेलीजेन्सीहरू रहेका हुन्छन् । यो चौथो औद्योगिक क्रान्तिमा श्रमजीवीले निर्माण गरेका र उनीहरूबाटै निर्देशित र परिचालित प्रविधिको अत्यधिक प्रयोग गरी वर्तमान पुँजीवादीहरूले गरिब राष्ट्र र जनतामाथि शोषण, दोहन र उत्पीडन गरेका छन् । विगत ३ वर्षदेखि विश्वमा सबैभन्दा बढी पहिलो धनी जेफ बेजोस, दोस्रो बिल गेट्स रहेका छन् ।११ अहिलेको अतिरिक्त मूल्यको–सिद्धान्त बुझाउन मार्क जुगरबर्गको फेस बुक, ब्रिएन एक्सन र जन कौअमको WhatsApp को केही वर्षको आम्दानीलाई अध्ययन गरे पुग्छ । आजभन्दा ६ वर्षअगाडि Gordon Kelly ले एउटा लेख नै लेखे 5 Key Reasons WhatsApp Is Worth $19 Billion -- To Facebook12 । उक्त लेखको चाखलाग्दो कुरा त के छ भने २४ फेब्रुअरी २००९ मा केवल २५ लाख अमेरिकी डलरमा सुरु गरिएको उक्त App लाई फेसबुकले फेब्रुअरी २०१४ मा १६ बिलियन अमेरिकी डलर दिन तयार भएको थियो । ५ वर्षमा ६४ सय गुना बढेको थियो । अर्थात् ६ लाख ३९ हजार ९ सय प्रतिशतले पुँजीमा वृद्धि भएको थियो । अहिले उक्त App को सम्पत्ति १ सय बिलियन डलर छ । अहिले ११ वर्षपछि उसको सम्पत्ति ४० करोड प्रतिशतले बढेको छ ।[१३]

यिनै उपकरणहरूका कारण उत्पादक शक्तिमा परिवर्तन आएको भट्टराईको दाबी छ । यहाँ भट्टराईले यी उपकरण श्रमिकले निर्माण गरेको र सफल बनाउन दक्ष श्रमिकहरूकै आवश्यकता पर्दछ भन्ने बिर्सेका छन् । यी तथ्यहरूले त बरु श्रमको रूपान्तरण भएको भन्ने बुझाउँछ । प्रविधिको विकासले शारीरिक श्रममा निर्भर रहेका उद्योगहरूलाई मानसिक वा बौद्धिक श्रममा रूपान्तरित गरिदिएको छ भन्न मिल्छ न कि उत्पादक शक्ति नै मेसिन भन्न । अब आयो मेसिनको प्रयोगका कारण अतिरिक्त–मूल्यको प्रस्थापनामा परिवर्तन भएको कुरा । मार्क्सले श्रमिकको श्रमका कारण पुँजीपतिले एक हजार प्रतिशतसम्म अतिरिक्त–मूल्य असुल्ने गरेको तथ्याङ्क पेस गर्नुभएको थियो । अहिले त बिलियन प्रतिशतभन्दा बढी अतिरिक्त–मूल्य जम्मा हुने गरेको छ । यो तथ्यले मार्क्सको अतिरिक्त मूल्यको सिद्धान्त झनै पुष्टि गरेको छैन र ?

बरु प्रविधिका कारण, शारीरिक श्रमलाई रूपान्तरण गरेर बौद्धिक श्रममाथि उत्पादन निर्भर हुन पुगेको भन्न सकिन्छ । अर्को कुरा, यी प्रविधिका कारण श्रमजीवीहरू विस्थापित हुन पुगेका छन् । यो अवस्था आउँछ भनेर मार्क्सले त्यही समयमा नै पुँजीपतिहरूले सुनको अन्डा दिने हाँसको हत्या गर्दछन् भन्नुभएको हेक्का हुनु पर्दछ ।

यिनै तथ्यहरूका आधारमा २०१४ मा थोमस पिकेटीले आफ्नो चर्चित पुस्तक Twenty first Century Capital मा वर्तमान विश्वइतिहासमा नै असमानता रहेको तथ्य प्रस्तुत गरेका छन् । दुःखको कुरा बाबुरामहरूभन्दा पहिला उक्त कुरालाई बिल गेटले बुझे र आफ्नो प्रतिक्रिया दिएका छन् । उनले भने- अझ महत्वपूर्ण कुरा, मलाई विश्वास छ पिकेटीको चश्र न विश्लेषण शक्तिशाली शक्तिहरूका लागि जिम्मेवार छैन जुन एक पुस्ताबाट अर्को पुस्तासम्म धनको सञ्चयको प्रतिकार गर्दछ । म पूर्णतया सहमत छु- हामी एक कुलीन समाजमा बाँच्न चाहँदैनौँ जहाँ पहिले नै धनी परिवारहरूलाई आफ्नो प्रतिष्ठामा बसोबास गरेर र Piketty लाई ' भाडामा आय' भनिन्छ जम्मा गरेर धनी हुन्छ- त्यो हो, रिटर्न मानिसहरू कमाउँछन् जब उनीहरू अरूलाई दिन्छन् आफ्नो पैसा, जग्गा वा अन्य सम्पत्तिको उपयोग गर्नुहोस् । तर मलाई लाग्दैन- अमेरिका यसको नजिक केही 513.मार्क्सको भनाइअनुसार त तत्कालै विश्वका ३ अर्ब ८० करोड मान्छेहरू जसको सम्पत्तिभन्दा बढी सम्पत्ति केवल ८ जनासँग रहेकाले उनीहरूले गर्ने विद्रोहलाई वर्तमान विश्व पुँजीवादी व्यवस्थाले कसरी थेग्न सक्ला ? यी कुराहरू बुझ्न एकपल्ट फेरि पुँजी पढ्नुपर्छ ।

अर्को अझ डरलाग्दो कुरा त सेवा वा सामाजिक कामहरूलाई तीव्र रूपमा व्यक्तिगत उपभोग्य वस्तु बनाएर नाफामूलक वस्तु बनाएका छन् । शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा यसका राम्रा उदाहरण हुन् । अब आयो अहिले निगम पुँजीवादले जनतालाई दिएको सुविधाका बारेमा । उनले संयुक्त राष्ट्रसङ्घले मानवअधिकारको सुनिश्चितताको कुरा गरेका छन् । संयुक्त राष्ट्रसङ्घ पहिलो र दोस्रो विश्वयुद्धपछि विश्वभरि फैलिएको समाजवादी आन्दोलनलाई रोक्न स्थापना गरिएको थियो । शान्तिपूर्ण तरिकाले नै गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, रोजगारीजस्ता जनअधिकारको सुनिश्चितता गर्न सकिन्छ भनेर तत्कालीन पुँजीवादीहरूले ल्याएको अवधारणा हो । पूर्व अमेरिकी राष्ट्रपति वुडड्र विल्सनले १९१७ आफू भरपूर मात्रामा हतियार बेचेर अकूत पैसा कमाएपछि लिग अफ नेसनको अवधारणा ल्याएका थिए । त्यसैको विकसित रूप ग्ल हो । २५ अप्रिल १९४५ मा मूल रूपमा सोभियत सङ्घ सत्ताले जनतालाई दिएको अधिकारहरूलाई समेटेर बनाइएको थियो । तर ग्ल ले कहिल्यै पनि उत्पीडित राष्ट्र र जनताको हितमा काम गरेको छैन । त्यसैले माओले एउटा सन्दर्भमा THE LEAGUE OF NATIONS IS A LEAGUE OF ROBBERS!14 भन्नुभएको थियो ।

## निष्कर्ष

बाबुरामले रातो झिल्कोमा लेखेको उक्त १० हजार शब्दको लेखको खण्डन केही शब्दहरूमा सम्भव छैन । यसका लागि एउटा किताब नै तयार पार्नु पर्दछ । त्यसैले यहाँ उनले भ्रम सिर्जना गरेको दर्शनमा भौतिकवादी द्वन्द्ववाद र मार्क्सको मुख्य आविष्कार जुन आफैँमा दर्शन पनि हो अतिरिक्त–मूल्यको सिद्धान्तका बारेमा सहज

... बाँकी पृष्ठ ७ मा

मिलन राई

# समाजवादी शिक्षामा प्राविधिक शिक्षाको महत्व

शिक्षा मानव जातिले हजारौँ वर्षको व्यवहार, प्रयोग र अनुसन्धानबाट संश्लेषण गरेको ज्ञान हो। शिक्षाले समाज र राज्यलाई बदल्न सहयोग पुऱ्याउँछ। वर्गविभाजित समाजमा शिक्षा पनि वर्गीय नै हुन्छ। वर्गीय दृष्टिकोणअनुसार दुनियाँमा अहिले पुँजीवादी शिक्षाप्रणाली र समाजवादी शिक्षाप्रणालीको बहस हुने गरेको छ। यो आलेखमा समाजवादी शिक्षा प्रणालीअन्तर्गत शिक्षाका दुई शाखा : साधारण शिक्षा र प्राविधिक शिक्षामध्ये प्राविधिक शिक्षा केन्द्रित रहेर विमर्श गर्ने प्रयत्न गरिनेछ।

## विषय प्रवेश

आलेखको उद्देश्य समाजवादी शिक्षाप्रणाली अन्तर्गत प्राविधिक शिक्षाका बारेमा चर्चा गर्नु भए पनि विद्यमान दलाल पुँजीवादी शिक्षाप्रणालीका मूलभूत खराबी/समस्याहरूलाई छोटकरीमा उजागर गर्दा समाजवादी शिक्षाअन्तर्गत प्राविधिक शिक्षाको थप महत्व र आवश्यकताबोध हुनेछ।

## नेपालमा सञ्चालित विद्यमान व्यावसायिक तथा प्राविधिक शिक्षा

आधारभूत, मध्यमस्तरीय र उच्चस्तरीय सीपयुक्त प्राविधिक जनशक्ति उत्पादन गर्ने, बेरोजगारीको समस्या कम गर्ने, देशको विकास र समृद्धिमा सहयोग गर्नेलगायत उद्देश्य राखेर नेपालमा प्राविधिक शिक्षा सञ्चालन गरिएको पाइन्छ। रोजगारीको अवसर प्राप्तिका हिसाबले साधारण शिक्षाको तुलनामा प्राविधिक शिक्षा बढी प्रभावकारी देखिएको भए पनि नेपालको प्रविधिक शिक्षा विभिन्न समस्याहरूबाट ग्रसित छ। मूल शिक्षाप्रणाली नै दलाल पुँजीवादी हुनुले त्यसअन्तर्गतको प्राविधिक शिक्षाले मुठीभर दलाल पुँजीपति वर्गको सेवा गर्दछ। दलाल पुँजीपति वर्गद्वारा निर्देशित, नियन्त्रित र सञ्चालित प्राविधिक शिक्षाले श्रमजीवी वर्गको हित गर्ने उद्देश्य राख्दैन, बरु दलाल पुँजीपति वर्गको सेवा गर्ने र उनीहरूका लागि आवश्यक सीपयुक्त बफादार कामदार, सेवक उत्पादन गर्ने साधन बन्छ।

नेपालको प्राविधिक शिक्षामा आमजनताको पहुँच छैन। शिक्षालाई व्यापार गरेर अकुत नाफा कमाउने वस्तुका रूपमा दुरुपयोग गरिएको छ। दलाल पुँजीपति वर्गले शिक्षा किन्न बाध्य बनाएर श्रमजीवीलाई लुटिरहेको छ र उत्पादित जनशक्तिको श्रम शोषण गरेर पुनः लुटिरहेको छ। समयसापेक्ष पाठ्यक्रम नहुनु, रचनात्मक शिक्षण विधि, वैज्ञानिक परीक्षाप्रणाली, मूल्याङ्कनप्रणाली नहुनुलगायत समस्या पनि नेपालको प्राविधिक शिक्षाका समस्या हुन्। प्राविधिक शिक्षाको सञ्चालन देशको आवश्यकतामा भन्दा पनि बजारमा आधारित व्यापारीको चाहनामा सञ्चालित छ। उत्पादित जनशक्तिको खपत हेर्दा नेपालको प्राविधिक शिक्षा विदेशीहरूको कामदार उत्पादन गर्नमा सीमितजस्तो प्रतीत हुन्छ। नेपालको प्राविधिक शिक्षाले कुनै एउटा सीप सिकाउनमा सीमित गराएर कसैको कामदार बन्न र अरूबाट शासित हुन प्रेरित गर्दछ। प्रकृति विज्ञान र समाज विज्ञानको ज्ञान सिकाएर स्वाधीन, स्वाभिमानी, स्वतन्त्र नागरिक र सिर्जनशील उद्यमी बन्न प्रेरित गर्दैन। प्राविधिक शिक्षालाई प्रत्यक्ष रूपमा श्रम, उत्पादन र राष्ट्रको विकास निर्माणसँग जोड्न नसक्नु नेपालको प्राविधिक शिक्षा अझ भनौँ पुजीवादी शिक्षाप्रणालीकै प्रमुख दोष हो।

## समाजवादी शिक्षाप्रणालीमा व्यावसायिक तथा प्राविधिक शिक्षा

मानव-मानवमा हुने विभेद, उत्पीडन, शोषणको अन्त्य गरिएको, सबै नागरिकहरूलाई बस्न, खान, लगाउन, शिक्षा, स्वास्थ्य रोजगारीको अधिकार सुनिश्चित भएको व्यवस्था वैज्ञानिक समाजवादी व्यवस्था हो। सीप, श्रम र उत्पादनसँग जोडिएको जीवनउपयोगी, वैज्ञानिक, निःशुल्क र समान शिक्षा वैज्ञानिक समाजवादी व्यवस्थाअन्तर्गतको समाजवादी शिक्षा हो जसले नागरिकलाई सही शिक्षा, चेतना र ज्ञान दिन्छ, जनताको जीवनलाई सुख र उन्नतितिर डोऱ्याउँछ र जनतालाई शोषणरहित मुक्त, समान, नयाँ वैज्ञानिक भविष्यतर्फ अग्रसर गराउँछ। समाजवादी शिक्षामा प्राविधिक शिक्षाको प्रधान महत्व हुन्छ। समाजवादी शिक्षाले पुँजीवादी शिक्षामा भएका तमाम खराबी र समस्याहरूको समाधान दिन्छ। अब समाजवादी शिक्षाप्रणालीअन्तर्गत सञ्चालन हुने प्राविधिक शिक्षाका विशेषता, संरचना, पाठ्यक्रम, शिक्षण विधि, मूल्याङ्कन विधिका विषयमा सङ्क्षिप्तमा चर्चा गरौँ।

## विशेषता

***१) बहुप्राविधिक शिक्षा***

कार्ल मार्क्स र क्रुप्स्कायाले प्राविधिक शिक्षाका पक्षमा धेरै वकालत गर्नुभएको छ। समाजवादी शिक्षाप्रणालीमा बहुप्राविधिक शिक्षा लागू गरिन्छ। बहुप्राविधिक शिक्षा सामान्य श्रमदक्षताहरू सिकाउन मात्र सीमित हुँदैन, श्रम प्रक्रिया, उत्पादन सम्बन्ध र सामाजिक महत्व पनि बुझाउँछ। कुनै मेसिन चिन्ने र चलाउन सक्ने मात्र होइन, मेसिन बनाउन सक्ने दक्षता पनि सिकाउँछ। प्रकृति विज्ञान, समाज विज्ञान, भौतिक शास्त्र, रसायन शास्त्र, अर्थशास्त्रलगायत आधारभूत ज्ञान सिकाएर विद्यार्थीको चौतर्फी क्षमता विकास गर्न सहयोग गर्दछ. जसले कामदार, सेवक र पराधीनताको मनोविज्ञानबाट उठाएर सिर्जनशील, स्वतन्त्र र स्वाधीन नागरिक बन्न प्रेरित गर्दछ। सामूहिक श्रम गर्न र र श्रमप्रति सम्मान गर्न सिकाउँछ। भूतप्रेत, ईश्वर, पूर्वजन्म, पुनर्जन्म, भाग्यजस्ता कल्पनावादी भ्रमहरूबाट मुक्त गराएर भौतिक विज्ञान र समाज विज्ञानको ज्ञानले प्रशिक्षित गरी वैज्ञानिक चेतनाको विकास गराउँछ।

***२) प्रत्यक्ष श्रम र उत्पादनसँग जोडिन्छ***

मार्क्सले श्रमसँग नजोडिएको शिक्षालाई बेकम्मा भन्नुभयो। शिक्षालाई श्रमसँग जोड्ने विषयमा लेनिन भन्नुहुन्छ, 'पुँजीवादी शिक्षाको आधारभूत कमजोरी भनेकै शिक्षालाई श्रमबाट अलग गराउनु हो।' माओको विचारमा स्कुल, कम्पनी र किसानका फार्महरू सँगै सञ्चालन गर्नुपर्छ। समाजवादी शिक्षाप्रणालीमा प्राविधिक शिक्षाको सीप सिकाएको प्रमाणपत्र मात्र दिइँदैन, शिक्षालाई प्रत्यक्ष श्रमसँग जोडिन्छ, उत्पादनसँग जोडिन्छ जसले देशको अर्थतन्त्र र विकास निर्माणमा योगदान गर्दछ। प्राविधिक शिक्षाको अभ्यास परीक्षा केन्द्रित भएर कुनै निश्चित स्थान र समयमा औपचारिकताका लागि मात्र गराइँदैन, बरु विद्यार्थीलाई शिक्षा र श्रम सँगसँगै गराइन्छ। विद्यार्थीलाई स्याउ फलाउने विधि किताबमा घोकाएर होइन, स्याउ फलाउन लगाएर सिकाइन्छ। शिक्षालय र उद्योगलाई एकाकार गरिन्छ।

***३) आमजनताको समान पहुँच***

शिक्षा व्यक्तिगत वस्तु होइन, सामूहिक व्यबहार, प्रयोग र अनुसन्धानबाट संश्लेषित ज्ञान हो तसर्थ शिक्षा विलासिताको वस्तु होइन, जनताको नैसर्गिक अधिकार हो। समाजवादी शिक्षाप्रणालीमा सम्पूर्ण शिक्षाको दायित्व राज्यको हुन्छ। हरेक नागरिकलाई सम्पूर्ण शिक्षा प्राप्तिको समान अवसर प्रदान गरिन्छ। अलि धेरै पैसा हुनेले प्राविधिक शिक्षा पढ्न पाउने र कम पैसा हुनेले साधरण शिक्षा पढ्नुपर्ने विभेदकारी प्रणाली खारेज गरिन्छ। समाजवादी शिक्षाप्रणालीमा शिक्षा किनबेच गर्ने र अकुत नाफा कमाउने वस्तु बनाउन निषेध गरिन्छ र शिक्षा जनताको आधार भूत आवश्यकताका रूपमा हरेक जनताले प्राप्त गर्ने सुनिश्चित गरिन्छ। सबै नागरिकले अध्ययन गर्ने शिक्षालय एकै स्तरको हुन्छ। हरेक नागरिकलाई शिक्षा प्राप्तिको समान अवसर सुनिश्चित गरिन्छ।

***४) श्रमजीवी जनताको पक्षपाती हुन्छ***

वर्गविभाजित समाजमा शिक्षा पनि वर्गीय नै हुन्छ। पुँजीवादी शिक्षाप्रणालीले मुठीभर पुँजीपति वर्गको सेवा गरिरहेको छ र श्रमिक जनतालाई आलोचनात्मक चेतनाविहीन इमानदार नोकर बनाउन प्रयोग गरिरहेको छ। समाजवादी शिक्षाप्रणालीले बहुसङ्ख्यक श्रमजीवी जनताको हित गर्ने उद्देश्य राख्छ। श्रमजीवी जनतामा आलोचनात्मक चेतको विकास गराउँछ, जीवन र जगत्को वैज्ञानिक ज्ञान प्रदान गर्दछ। भाग्यवादमा आधारित आध्यात्मवादी शिक्षाको षड्यन्त्र बुझाउँछ। श्रमजीवी जनतालाई आफ्नो अधिकारका बारेमा सचेत गराउँछ र अधिकारका निम्ति सङ्घर्ष गर्ने विचारको हतियार प्रदान गर्दछ। नागरिकहरूको व्यक्तित्व र भ्रातृत्ब विकास गराउँछ। नागरिकलाई स्वतन्त्र, सिर्जनशील, स्वाधीन बन्न प्रेरित गर्दछ। नागरिकलाई कसैको नोकर होइन, आफ्नो श्रमका बारेमा स्वयम् आफैँ निर्णय गर्नसक्ने स्वतन्त्र श्रमजीवी बन्न सिकाउँछ।

***५) राष्ट्र र जनताको आवश्यकतामा आधारित सामाजिक चरित्रको शिक्षा***

बजारमा कस्ता कामदार आवश्यक छ, पुँजीपतिहरूलाई कस्ता कामदार चाहिएको छ, कस्तो शिक्षा बजारमा बेच्दा नाफा हुन्छ भन्ने आधारमा पुँजीवादी शिक्षाप्रणालीमा जस्तो समाजवादी शिक्षाप्रणालीमा प्राविधिक शिक्षा निर्धारित हुँदैन। अन्तर्राष्ट्रिय स्तरको बनाउने नाममा विदेशी शिक्षाको हुबहु नक्कल गरिँदैन। समाजवादी शिक्षामा प्राविधिक शिक्षा देश र जनताको आवश्यकतामा आधारित मौलिक र समाजसापेक्ष हुन्छ जहाँ समाजसापेक्षको अर्थ समाजको संस्कृति, स्रोतसाधनको उपलब्धता, सामाजिक मनोविज्ञान र आवश्यकता हुन्छ। जुन शिक्षाले राष्ट्रिय आवश्यकताका नाममा निरपेक्ष नीति पनि थोपर्दैन बरु राष्ट्रिय समृद्धिमा सहयोग गर्ने गरी स्थानीय सम्भावनाहरूलाई उपयोग गर्ने गरी सामाजिक मौलिकतामा आधारित शिक्षा लागू गरिन्छ।

***६) वैज्ञानिक चेतनाको विकास***

विद्यार्थीलाई वैज्ञानिक चेतना दिनु समाजवादी शिक्षाको आधारभूत विशेषता हो। १८ घन्टासम्म परिश्रम गर्ने श्रमिक गरिब हुनुको कारण पूर्वजन्मको पापको फल वा खराब भाग्य होइन, श्रमजीवीको गरिबी त पुँजीपतिहरूले गरेको शोषणको उपज हो। मानव समाजमा लादिएका विभेद, उत्पीडन र असमानताको उपज हो जसका विरुद्ध सङ्घर्ष गर्नु हरेक उत्पीडित र श्रमजीवीको अधिकार हो भन्ने वैज्ञानिक चेतना समाजवादी शिक्षाले दिन्छ। समाजवादी शिक्षाले काल्पनिक, ईश्वरीय, अध्यात्मवादी, भाग्यवादी र अवैज्ञानिक चेतनाबाट मुक्त गराएर घटना र तथ्यहरूका आधारमा विज्ञानद्वारा प्रमाणित शिक्षा प्रदान गर्दछ।

## संरचना

संरचनात्मक हिसाबले समाजवादी शिक्षा प्रणालीलाई सामान्यतः विद्यालय शिक्षा र विश्वविद्यालय शिक्षा गरी दुई तहमा वर्गीकरण गर्न सकिन्छ। विद्यालय तहको शिक्षाअन्तर्गत पढ्न, लेख्नसक्ने, बुझ्नसक्ने र सामान्य अर्थ लगाउनसक्ने आधारभूत शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीलाई विद्यार्थीको चाहना, इच्छा, देश र समाजको आवश्यकताअनुरूप सीपयुक्त व्यावसायिक तथा प्राविधिक शिक्षा दिनुपर्छ जुन शिक्षा सबैका लागि समान र अनिवार्य हुन्छ। प्रत्यक्ष श्रम र उत्पादनसँग जोडिएको हुन्छ। विद्यार्थीले विद्यालय तहको शिक्षा पूरा गर्दा कुनै न कुनै सीप जानेको र श्रम र उत्पादनमा सहभागी भएको नैतिकवान् नागरिक निर्माण गर्दछ।

उच्च तहको शिक्षामा प्राविधिक शिक्षा अनुसन्धानात्मक र आविष्कारमूलक हुन्छ। सबैलाई शिक्षाको समान अवसर प्रदान गरिन्छ तर अध्ययन भने ऐच्छिक हुन्छ। प्राविधिक शिक्षालाई प्रत्यक्ष राष्ट्रको विकास निर्माणसँग जोडिन्छ। प्रत्यक्ष श्रम र उत्पादनसँग शिक्षालाई जोड्दै निश्चित विषयमा खास विशेषज्ञताको प्राप्तिसँगै नागरिकको चौतर्फी विकासमा जोड दिइन्छ। समाजवादी शिक्षाप्रणालीमा उच्च तहको प्राविधिक शिक्षा विशिष्ट पदको जागिर खान नभएर नयाँनयाँ आविष्कार गर्न र देशको विकास निर्माणसँग प्रत्यक्ष जोड्न लागू गरिन्छ।

## शिक्षण विधि

समाजवादी शिक्षाप्रणालीको सबै शिक्षामा विद्यार्थीको इच्छा र आवश्यकतामा आधारित स्वतन्त्र शिक्षणविधि अवलम्बन गरिन्छ। मार्क्सको भाषामा श्रम गरेर सिक्ने विधि, माओको भाषामा जनताबाट सिक्ने, किसानको फार्म र कारखानामा गएर सिक्ने विधि अपनाइन्छ। प्राविधिक शिक्षालाई किताबी ज्ञान र एउटा कक्षा कोठाको ल्याबमा सीमित गरिँदैन। उद्योग, कृषि फार्महरू, व्यवसायहरू नै सिक्ने शिक्षालय बन्दछन्। विद्यार्थीले अनुभव, प्रयोग, अन्तरक्रिया र अनुसन्धानबाट सिक्ने विधि लागू गरिन्छ। विद्यार्थीलाई निष्क्रिय स्रोता बनाउने विधि खारेज गरेर शिक्षकले सहजीकरण गर्ने र विद्यार्थी आफ्नै सक्रियतामा सिक्ने स्वतन्त्र शिक्षण विधि लागू गरिन्छ।

## मूल्याङ्कन विधि

समाजवादी शिक्षाप्रणालीमा प्राविधिकलगायत सम्पूर्ण शिक्षामा रचनात्मक र निरन्तर मूल्याङ्कनप्रणाली अवलम्बन गरिन्छ। मूल्याङ्कन विद्यार्थीलाई असफल गराउन, असफलताको डर उत्पन्न गरेर तर्साउन, कसैलाई कमसल, कसैलाई असल भनी छुट्टयाएर विभेद गर्न नभएर विद्यार्थीको रचनात्मक क्षमता र व्यक्तित्व विकास गर्नका लागि हुनुपर्छ भन्ने मान्यता राखिन्छ। समाजवादी शिक्षाको मूल्याङ्कनप्रणाली शिक्षक नियन्त्रित हुँदैन। श्रममा सहभागिता र उत्पादन कार्यका आधारमा मूल्याङ्कन गरिन्छ जहाँ मूल्याङ्कनकर्ता शिक्षक मात्र होइन, सहपाठी, अभिभावक, समाज र स्वयम् विद्यार्थीलाई पनि मूल्याङ्कनकर्ता मानिन्छ। मूल्याङ्कन विधिले एकअर्कामा प्रतिस्पर्धाको भावना विकास गरेर व्यक्तिलाई आफूकेन्द्रित स्वार्थी बनाएर भ्रातृत्व कम गराउँदैन बरु सहकार्य र सहयोगमा जोड दिई परिपूरक बन्न र सामूहिकीकरणलाई प्रोत्साहन गर्दछ। विद्यार्थीलाई रचनात्मक, सिर्जनशील र स्वाधीन बन्न मद्दत गर्दछ। परीक्षा र मूल्याङ्कन निश्चित समयमा सङ्कुचित गरिँदैन सम्भावना र आवश्यकताका आधारमा लचिलो परीक्षा र मूल्याङ्कनप्रणाली लागू गरिन्छ। समाजवादी शिक्षाको मूल्याङ्कनप्रणालीले परिणाममा मात्र होइन, कारण र असरलाई समेत ध्यान दिन्छ।

## निष्कर्ष

मानवजातिले अहिलेसम्म प्राप्त ज्ञान र अनुभवका आधारमा आजको शताब्दीसम्मको उत्कृष्ट शिक्षाप्रणाली समाजवादी शिक्षाप्रणाली हो। समाजवादी शिक्षाप्रणालीमा प्राविधिक शिक्षाको प्रमुख स्थान रहन्छ। समाजवादी शिक्षाप्रणालीमा प्राविधिक शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग र श्रमलाई उत्पादन र आविष्कारसँग अनिवार्य रूपमा जोड्छ। शिक्षाको सम्पूर्ण दायित्व राज्यले बहन गर्दछ। सबैलाई समान शिक्षाको अवसर प्रदान गरिन्छ। राज्यसत्ताको मूल चरित्रअनुरूपको शिक्षाप्रणाली हुने हुदा अहिलेको दलाल पुँजीवादी सत्तामा समाजवादी शिक्षाप्रणाली लागू गर्न सकिँदैन। अहिले यही व्यवस्थामा गरिने शैक्षिक सङ्घर्षले शिक्षामा आमूल रूपान्तरण गर्न सक्दैन, वर्तमान शिक्षामा आंशिक सुधार मात्र गर्न सक्छ। समाजवादी शिक्षाले आफ्नो अधिकारप्रति सचेत, कर्तव्यप्रति जिम्मेवार र अन्यायका विरुद्ध प्रतिरोध गर्नसक्ने नागरिक उत्पादन गर्ने भएकाले आज्ञाकारी, प्रश्न र विरोध नगर्ने इमानदार नोकर उत्पादन गर्न चाहने पुँजीवादी प्रणालीले समाजवादी शिक्षालाई लागू नगर्ने मात्र होइन, निषेध गर्दछन्। तसर्थ समाजवादी शिक्षा लागू गर्न समाजवादी व्यवस्थाको अनिवार्यताका विषयमा भने हामी सबै स्पष्ट हुन आवश्यक छ।

*(लेखक अखिल क्रान्तिकारीका केन्द्रीय सचिवालय सदस्य तथा सीटीईभीटी क्षेत्रीय समन्वय समितिका संयोजक हुन्।)*

दाना केसी

# एमसीसी लादेर पुर्खाले जोगाएको धर्तीमाथि धावा

लामो समयदेखि नेपाली जनताले भोग्दै गरेको राजनीतिक, सामाजिक, आर्थिक र नैतिक चरित्रले यहाँको नियम र कानुनले कतै पनि जनताको काम गरेको आभास भइरहेको छैन। नेपालको हरेक स्थितिका बारेमा वर्णन गर्न खोज्दा यसको इतिहासलाई पछ्याउनै पर्दछ। हिजो नेपालीले भोगेको अनेक सङ्कट अनि नेपाली माटोमा बगाएको त्याग, तपस्या, पसिना, श्रम र बलिदानीले गर्दा अहिलेका नेपालीले शिर ठाडो पार्ने अवसर पाएका छन्। समय परिवर्तनशील छ र हुनुपर्दछ, यो विज्ञानको नियम हो। सबै चीज इतिहासले खान्छ तर सत्य सत्य नै रहन्छ।

नालापानीको लडाइँबाट चर्चित नेपाली योद्धा/लडाकु इतिहासका साक्षी हुन्। यो इतिहासलाई कसैले निल्न सक्दैन। त्यो समयमा हाम्रा पुर्खाहरूले खुट्टामा चप्पल पनि नलगाई पानी मात्र पिएर लडेको इतिहास हाम्रासामु ऐनाझैँ छर्लङ्ग छ। यसलाई हामी भुल्न सक्दैनौँ। बिस्तारै-बिस्तारै समयसँगै युग परिवर्तन भयो। २००७, २०१६, २०३६, २०४७ हुँदै समय अहिले यो स्थितिमा आइपुगेको छ। पुर्खाले बचाइदिएको यो सानो र प्राकृतिक सुन्दरताले भरिएको देश नेपाल अहिले अलि फरक स्थितिमा उभिएको छ। यो स्थिति सबै नेपाली जनतालाई पचाउन गाह्रो भएको छ किनभने पुर्खाले जोगाएको नेपाललाई थप बचाउन १० वर्षभन्दा बढी समय चलेको जनयुद्धलाई यहाँ जोड्नै पर्दछ। जनयुद्धले यसमा ठूलो भूमिका निर्वाह गरेको छ। त्यसपछि १९ दिने जनआन्दोलनपछाडि अढाइ वर्ष चलेको ज्ञानेन्द्रको क्रूर शासन र राज्यसत्तालाई पनि नेपाली जनताको साहस र शक्तिले नै हत्याएको थियो। त्यसपछि नेपाली जनताले एक प्रकारको खुसीयाली बाँडेका थिए।

त्यसपछिका दिनहरूमा नेकपा (माओवादी) ले नेतृत्व गरेको सशक्त आन्दोलनले स्थिति एक प्रकारको सेटमा पुगेको आभास भए पनि बहुमतको सरकार सञ्चालन हुन सकेन। जनताले त्यहाँसम्म पुऱ्याएको परिस्थिति अग्रगामी नभएर खस्किँदै गयो। त्यतिबेलाको साक्षी वर्तमान नेपाली जनता छन्। नेपालमा यो स्थिति आउनु यहाँका कम्युनिस्टहरू आफैँमा परिवर्तन हुन नसक्नु मुख्य जड हो किनभने अन्तर्राष्ट्रिय दार्शनिकका अनुयायी भएर धेरै अध्ययन र विश्लेषण गरे पनि परिवर्तन गर्न नसक्नु यहाँ मुख्य कमजोरी देखिन्छ। समयको परिवर्तनसँग सकारात्मक रूपमा राजनीतिक परिवर्तन हुन सकेन। यसो भएपछि नेपालमा अरू राजनीतिक पार्टीको कुरा नगरौँ, यहाँ त १० वर्षसम्म जनतासँग हातेमालो गर्दै सशस्त्र युद्ध गरेको सर्वहारा वर्गको पार्टीको मूल नेतृत्व वर्गप्रति बेइमान बनेका कारण ३/४ टुक्रा हुनुपर्ने अवस्था उत्पन्न भएपछि जनतामा ठूलो धोका भएको हो। यो सत्य कुरा तीतो भए पनि स्वीकार्नुपर्दछ नेतृत्व पङ्क्तिले।

पछिल्लो चरणमा पार्टी गुट, उपगुट र टुटफुटको अस्वस्थ प्रतिस्पर्धामा राजनीतिक खिचातानीले गर्दा अराजक प्रकारको मिलीजुली सरकार निरङ्कुश राज्यसत्ता चल्दै आएको छ। अहिले यो एमसीसी नामको संस्था नेपाल भित्र्याउन ठूलो कूटनीतिक चलखेल भइरहेको छ। अमेरिका र नेपाल सरकारको गुरुयोजनामा निर्मित यो योजना नेपालमा ठूलो बहस र विवादको विषय बनेको छ। कसैलाई यो कार्यक्रम नेपाल भित्र्याउन हतार छ भने जनता र देशभक्त शक्तिले यसलाई राष्ट्रघाती ठोकुवा गरिसकेका छन्। यतिबेला नेपालका गल्ली-गल्लीमा यही विषयको समीक्षा भएको देखिन्छ। यसका बारेमा छोटो चर्चा गरौँ।

के हो एमसीसी ?

एमसीसी अमेरिकी कार्यक्रम हो। सरकार-सरकारबीचको सम्झौता र गैरसरकारी तरिकाले कार्य सम्पन्न गर्नु यसको उद्देश्य हो। सन् २००२ मा म्याक्सिकोको अन्तर्राष्ट्रिय बैङ्कको बैठकमा आफ्नो देशको कुल बजेटबाट ०.७ प्रतिशत अन्य देशमा लगानी लगाउनु पर्दछ भन्ने जर्ज डब्लू बुसको निर्देशन हो। त्यसकारण अमेरिका आफ्नो देशको ०.७ प्रतिशत बजेट आफूले भनेको मान्ने देशमा लगानी गर्न चाहन्छ। अहिले ०.३ प्रतिशतका दरले ३७ वटा राष्ट्रमा यो कार्यक्रममा सम्झौता गरेको छ तर १२ वटा राष्ट्रमा असफल भएको छ। सरकार-सरकारबीच सम्झौता गर्ने र गैरसरकारी तरिकाले काम गर्न चाहने अमेरिकाले यस्तै प्रकारका राष्ट्रसँग साइनो गाँस्न खोज्छ। जस्तै युद्धरत राष्ट्र, अल्पविकसित राष्ट्र, विश्वव्यापीकरण शक्ति भएको स्थल आदि। त्यसमध्ये उसको दृष्टिमा नेपाल पनि एक हो। नेपालको अवस्थालाई हेर्दा सुरुमा जति फाइदाजनक हुने गफ दिए पनि यसले कालान्तरमा ठूलो हानि गर्ने देखिन्छ। सुरुमा सन् २०११ बाट यसको गुरुयोजना बनेको थियो। २०१४-२०१५ तिर यसको डिजाइन गरी १४ डिसेम्वर २०१७ मा नेपाल सरकारबाट प्रदीप ज्ञवाली परराष्ट्रमन्त्री हुँदा अमेरिका सरकारसँग सम्झौता भएको थियो। यो अमेरिकी सरकारले उपनिवेशमाथि गरेको चिन्तनको आयात हो। लगानी मुख्य होइन, यसको आधारभूत उद्देश्य मुख्य हो। नेपाल र अमेरिकी सरकारले गरेको सम्झौताअनुरूप एमसीसी सफल पार्नका निम्ति नेपालले २१ वटा सर्त पूरा गर्नुपर्नेछ र त्यसमध्ये नेपालले अहिलेसम्म ९ वटा सर्त पूरा गरेको देखिन्छ।

यसका योजनाहरू ठेक्कामार्फत काम गर्ने हो। काम गर्दा नेपालका मजदुरहरूले सिन्को भाँच्न पाउने छैनन्। मजदुरदेखि लिएर मालिकसम्म अमेरिकाका व्यक्ति हुनेछन्। नेपालले त खालि सम्झौता गरेर पुलको काम गर्ने र नतमस्तक भएर टुलुटुलु हेर्ने काम मात्र गर्नेछ। यसले ४०० केभी प्रसारणलाई साँखु नगरपालिकामा सबस्टेसन राखेर त्यसले मुग्लिनदेखि हेटौँडा, मुग्लिनदेखि तनहुँ, दमौली, पाल्पा भनेर ठाउँसमेत अनुसन्धान गरेको पाइन्छ। सडकको योजनामा झापा-फिदिम, धरान-धनकुटा, सर्लाही-उदयपुर, गाईघाट, हेटौँडा, दाङ-तुल्सीपुर, चन्द्रौटा-शिवपुरजस्ता ठाउँहरू उसको योजनामा परेका छन्।

यसको उद्देश्य वा यो कार्यक्रमको सम्झौतामा नेपालको संविधान निष्क्रिया बनाएर अमेरिकाको कानुन लागू हुने देखिन्छ। उसले सम्झौतामा उल्लेख भएको सर्त र अधिकार नेपालको कानुनसरह लागू गर्नेछ। यो भनेको भूमि अधिकरण हुनु हो। हुनत सम्झौतामा ५ बर्से योजना भनिएको छ तर यो गलत छ। जब अमेरिकाले यो कार्यक्रम नेपालमा भित्र्याउँछ, त्यसपछि भूमि अधिकरण भइसकेको अवस्थामा ऊ कदापि सम्झौताअनुसार फर्किँदैन। उसले यहाँ आजीवन राज गर्नेछ। पछिल्लो राजनीतिक स्थिति पछ्याउँदा भारतले अमेरिकी डलर

... बाँकी पृष्ठ ७ मा



शेरबहादुर विश्वकर्मा

# जनपक्षीय पत्रकारिताका कार्यभार

> एउटा स्वतन्त्र पत्रकारले सामाजिक-सांस्कृतिक विकृतिविरुद्ध प्रहार गर्न सक्ला, गरिब, दुःखी र पीडितका चित्कारहरूको कलात्मक बयान गर्न सक्ला तर ऊ यी चित्कारहरू पैदा गर्ने संरचनागत कारण बदल्ने अभियन्ता बन्न सक्तैन ।

चिनियाँ नयाँ जनवादी क्रान्तिका नायक अध्यक्ष माओले कम्युनिस्ट पार्टीका कार्यकर्ताहरूको भूमिकालाई आन्दोलनको आवश्यकताअनुसार चार कर्ताका रूपमा परिभाषित गर्नुभएको थियो : उत्पादनकर्ता, सङ्गठनकर्ता, सङ्घर्षकर्ता र प्रचारकर्ता । यी चारवटा भूमिकामध्ये कुन बढी महत्वपूर्ण र अग्रभागमा हुन्छ भन्ने कुरा क्रान्तिकारी आन्दोलनको आवश्यकता, क्रान्तिको कार्यदिशा, यस क्रममा पार्टीले अङ्गिकार गर्ने तत्कालीन सङ्घर्षको स्थिति र स्वरूपले निर्धारण गर्दछ । नेपालमा दलाल पुँजीवादी उत्पादन सम्बन्धसँगको प्रधान अन्तरविरोधलाई हल गर्ने सन्दर्भमा हामीले एकीकृत जनक्रान्तिको कार्यदिशालाई अगाडि सार्दै वैज्ञानिक समाजवाद र साम्यवादको लक्ष्य निर्धारण गरेका छौँ । पछिल्लो समय खासगरी असीको दशकयता पुँजीवादी साम्राज्यवादको फेरिएको स्वरूप, उत्पादक शक्तिको क्षेत्रमा विकसित सूचना प्रविधि तथा विज्ञान प्रविधिको पछिल्लो विकासक्रम र नेपाली क्रान्तिका विगतकालीन प्रयोगहरूलाई यथोचित मूल्याङ्कन गर्दै अघि सारिएको एकीकृत जनक्रान्तिको सिद्धान्तका विभिन्न सातवटा आधार भूत विशेषतामध्ये सूचना प्रविधिको विश्वव्यापी भूमिका र तरङ्गलाई पनि प्रस्तुत कार्यदिशाले आत्मसाथ गरेको छ । यहीँनेर विचारणीय पक्ष के छ भने एकथरी मानिसहरूले विज्ञान प्रविधिको विकासलाई मान्छे, सामाजिक सङ्घर्ष र उत्पादन प्रणालीबाट असम्बन्धित विषयका रूपमा पस्किँदै अन्ततः र सारतः सामाजिक क्रान्तिमा सचेत मानवीय प्रयत्नको भूमिकालाई अस्वीकार गरेको देखिन्छ ।

माओले भन्नुभएजस्तै चार कर्तामध्ये प्रचारकर्ताको मुख्य भूमिकामा रहेको प्रचारमोर्चा र जनपत्रकार सङ्गठन नेपालले आजको जनपक्षीय पत्रकारिताको माध्यमबाट आफ्नो जिम्मेवारीलाई कसरी सशक्त र प्रभावकारी बनाउने ? जनतालाई सत्यतथ्य सूचना र जानकारीद्वारा कसरी सुसज्जित गर्ने ? सूचना, समाचार, शिक्षा, उत्प्रेरणा र खबरदारीको दायित्व पूरा गर्दै यस क्षेत्रमा देखिएका विकृति र मुख्यतः सूचना साम्राज्यको जनविरोधी चरित्रलाई कसरी ठीक ढङ्गले मुकाबिला गर्ने ? र अन्ततः नेपाल र विश्वव्यापी रूपमा दृष्टिक्षितिजमा देखापरिरहेको समाजवादी क्रान्तिका पक्षमा व्यापक जनमत कसरी निर्माण गर्न सकिन्छ भन्नेबारे यो छोटो आलेखद्वारा प्रकाश पार्न खोजिएको छ ।

## (क) विचारधारात्मक र राजनीतिक कार्यभार

निश्चय नै हामीले पत्रकारिता र कलमको मोर्चाद्वारा क्रान्ति र समाजवादको सेवा गर्नैं पर्दछ । तर हामीले पत्रकारिता मात्रै गर्नु हुँदैन जनपत्रकारिता नै गर्नुपर्दछ । हामीलाई सबै मान्छेहरू आखिर जनता नै त हुन् भन्ने लागे पनि यी शब्दहरूको अन्तर वस्तुमा नै भिन्नताहरू छन् । एउटा दैनिक रूपमा ज्यालाका लागि आफ्नो श्रमशक्ति बिक्री गरिरहेको स्वतन्त्र मजदुरदेखि राज्यको माथिल्लो ओहोदामा विराजमान शासक, नोकरशाह र पुँजीपति सबै मानिस हुन् तर यिनीहरू सबै जनता र श्रमजीवी होइनन् । समाजमा वर्ग छ, वर्गीय शोषण र स्वार्थहरू छन्, ती स्वार्थहरूलाई प्रतिबिम्बन गर्ने सामाजिक, आर्थिक संरचना र परिपाटीहरू पनि छन् । यसरी सिङ्गो मानव समाज विभिन्न वर्गहरूमा विभक्त भएको छ र वर्गहरूका बीच विशेषतः उत्पीडित र उत्पीडकबीच झन्डै साढे पाँच हजार वर्षदेखि परस्पर विपरीत स्वार्थबीच वर्गसङ्घर्ष चल्दै आएको छ । यसलाई मार्क्स-एङ्गेल्सले कम्युनिस्ट घोषणापत्रको पछिल्लो संशोधनमा आजसम्मको लिखित इतिहास वर्गसङ्घर्षको इतिहास हो भन्नुभएको थियो । यसरी समाजमा निरन्तर चलिरहने वर्गसङ्घर्षका क्रममा नै सूचना र समाचारका विभिन्न साधन हुँदै आजको इन्टरनेट क्रान्तिको चरणमा विकास हुन पुगेको छ जसलाई अर्थशास्त्रीहरूले चौथो औद्योगिक क्रान्तिको संज्ञा दिएका छन् । यी परम्परागत र विकसित साधन, प्रविधि र ज्ञानको प्रयोग गर्दै सामाजिक सङ्घर्षमा भाग लिनु, उत्पीडित जनता र राष्ट्रका पक्षमा हुने आन्दोलनको सेवा गर्नु, अन्याय-अत्याचार, भ्रष्टाचार, विकृति, विसङ्गतिको चिरफार गर्नु र सारतः पुरानो उत्पादन सम्बन्धको ठाउँमा प्रगतिशील उत्पादन सम्बन्धको विकास गर्दै उत्पादक शक्तिको एउटा सक्रिय तत्वका रूपमा रहेको श्रम शक्तिको विकासको उचित वातावरणका लागि प्रचारात्मक आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्न पत्रकारिता आर्थात् जनपत्रकारिता गर्नु हाम्रो मुख्य काम हुनु पर्दछ ।

पत्रकारिता आन्दोलनमा केही भाष्य र अवधारणाहरू छन् जस्तो कि पत्रकारितालाई स्वतन्त्र, पेसागत पत्रकारिता र मिसन पत्रकारिता भनेर दुई भागमा छुट्ट्याइएको छ । हो, पत्रकारहरू स्वतन्त्र, निष्पक्ष र गैरराजनीतिक हुनै पर्दछ । त्यसैले त यसलाई राज्यको चौथो अङ्ग मानिएको छ । तर उनीहरू पनि यही समाजकै अङ्गहरू हुन् । पत्रकारहरूको पनि वर्ग र राष्ट्रियता हुन्छ । समाजका हरेक नागरिकसरह पत्रकारहरूले पनि राजनीतिक आस्था राख्न पाउनु पर्दछ । विडम्बना त के देखिन्छ भने जसले पत्रकारहरू स्वतन्त्र र पत्रकारिता व्यावसायिक हुनुपर्छ भनिरहेका छन्, उनीहरू नै सबभन्दा राजनीतीकृत हुँदै गएको देखिन्छ । राजनीतिक नियुक्ति र आर्थिक प्रलोभनका लागि सत्यको तोडमोड उनीहरू नै गरिरहेका छन् । पत्रकार महासङ्घजस्तो नागरिक अगुवा संस्थामा सदस्यता वितरणदेखि निर्वाचनप्रक्रियसम्म संसदीय निर्वाचनभन्दा पनि तल्लो र भद्दा हुँदै गएको छ । योसँगै हामीले ख्याल गर्नुपर्ने विषय र सबैभन्दा सोचनीय प्रश्न भनेको के स्वतन्त्र र व्यावसायिक पत्रकारिता उद्देश्यविहीन, निरुद्देश्य र मिसनविहीन हुनसक्छ ? के पत्रकारिता वर्ग र राष्ट्रियताभन्दा अलग र निरपेक्ष हुन्छ ? के पत्रकारहरूको सामाजिक उत्तरदायित्व हुनु हुँदैन ? के पेसागत पत्रकारिता र मिसन पत्रकारिता आफैँमा अलग र असम्बन्धित छन् ? यी प्रश्नहरूलाई मसिनो गरी केलाएर हेर्दा के भन्न सकिन्छ भने स्वतन्त्र पत्रकारिताको पनि खास उद्देश्य र मिसन हुन्छ भने जसलाई हामी मिसन पत्रकारिता भन्छौँ त्यसको पनि व्यावसायिकता हुन्छ । बरु जसले स्वतन्त्र पत्रकारिताको वकालत गर्दछन् उनीहरूको नै कथनी र करनीमा निकै ठूलो बेमेल छ । उनीहरूले आफ्नो अन्तरनिहित मिसन लुकाइरहेका छन् वा छद्मभेषी रूपमा प्रयोग गरिरहेका छन् । त्यसैले त आज साम्राज्यवादीहरूले आफ्नो जीडपीको ठूलो हिस्सा यो क्षेत्रमा खर्च गरिरहेका छन् । प्रथम विश्वयुद्धदेखि इराक, इरान, सिरिया हुँदै अफगानिस्तान युद्धसम्म आफ्नो सैन्य आक्रमणलाई जायज ठहऱ्याउन निकै ठूलो धनराशि प्रचारात्मक क्षेत्रमा खर्च गरेका छन् । एउटा सैनिक तानाशाहदेखि ठूलाठूला भ्रष्टाचारजन्य स्क्यान्डलहरूले समेत आफ्ना जनविरोधी अपराध धोइपखाली गर्नसमेत मिडियामा लगानी गर्ने र आफ्नो निहित स्वार्थ रक्षार्थ यसको दुरुपयोग गर्नेदेखि नाफा र व्यावसायिकताका नाममा अश्लील र विकृत संस्कृतिको प्रसार हुँदै आएको छ । यसको भन्डाफोर गर्नु र पत्रकारिताको जे र जस्तो प्राकृतिक चरित्र छ त्यसलाई स्वीकार गर्दै अगाडि बढ्नु हाम्रो जिम्मेवारी हुनुपर्दछ ।

नेपालमा सात दशकयता संसदीय चरित्रको लोकतन्त्र उपयोग गरिँदै आएको छ । तीनतीनपटकको संसदीय अभ्यासमा शान्ति, स्थिरता र समृद्धि केवल चुनावी नारासिवाय अरू केही नभएको कुरा छर्लङ्ग भैसकेको छ । सरकार गिराउन र बनाउन तथाकथित जनप्रतिनिधिहरूलाई खसीबोकाजस्तो किनबेच गर्ने, विदेश भ्रमण गर्न लगाउने, बिरामी हुन लगाउने, पार्टीहरूबीच फुट र विभाजन शृङ्खलाबद्ध हुनेदेखि राष्ट्रघात र देशको सार्वभौमिकताविरोधी सम्झौताहरू हुँदै आएका छन् । १८१६ को सुगौली सन्धि, १९५० को नेपाल-भारत असमान सन्धि, गोर्खा भर्तीको खारेजी, सीमा अतिक्रमणको अन्त्य, असमान व्यापार ताथ पारबहनका विषयमा ओकल्दै सत्तासीन भएका पार्टी र नेताहरू सत्ता र सरकारमा टिकिरहनकै लागि नयाँनयाँ देशविरोधी दलाल साबित हुँदैछन् । आर्थिक हिसाबले हेर्दा पनि गरिबी, भ्रष्टाचार, महँगी, मुद्रास्फीति, व्यापारघाटा, जनशक्तिको विदेश पलायन, रेमिटेन्समा निर्भर परनिर्भर अर्थतन्त्र, बढ्दो प्रतिव्यक्ति सार्वजनिक र विदेशी ऋणभार, जीडीपीमा खस्कँदो उद्योगको योगदान, मुलुकको अर्थतन्त्रको चारित्रिक विशेषता बन्दै गएका छन् । स्वास्थ्य र शिक्षाजस्तो राज्यको अनिवार्य जिम्मेवारीभित्र पर्ने विषयहरू निजी क्षेत्रको कमाइखाने भाँडो भएका छन् । आयातित वस्तु तथा सेवाहरूमा अन्तःशुल्क कर र भन्सार लगाएर राज्यले आफ्नो चालू खर्च थेगिरहेको छ । भूमिमाथिको सामन्ती सम्बन्ध, द्वैध स्वामित्व, खण्डीकरण र भूमाफियाहरूको पकड हुँदै जनसङ्ख्याको ठूलो हिस्सा सुकुमबासी हुनु, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा उल्लेख्य सुधार नहुनु, अझै पनि पुर्ख्यौली सम्पत्तिमा छोराछोरीको समान अधिकार स्थापित नहुनु यो क्षेत्रका समस्याहरू रहँदै आएका छन् । यी विषयमा आवश्यक परिवर्तन गरी भूमि र श्रमवीचको अन्तरविरोध हल गर्न नसक्नु संसदीय लोकतन्त्रको असफलताको द्योतक हो । यसबाट अल्पकालीन र दीर्घकालीन रूपमा पार पाउन यो व्यवस्थाको भन्डाफोर गर्नु, समस्याहरूबारे जनतालाई सुसज्जित गर्नु र आवश्यक विचारविमर्शका लागि जोड दिनु हामी जनपक्षीय पत्रकारहरूको राजनीतिक जिम्मेवारी हो ।

यतिबेला विश्व र नेपालमा पनि समाजवादका पक्षमा जनताको भावना मुखरित हुँदै गएको छ । पुँजीवाद विशेषतः नवउदारवादी पुँजीवाद र भूमण्डलीकृत साम्राज्यवादमा पुनः सङ्कटको चक्र मडारिँदै गएको छ । खासगरी कोरोना व्यवस्थापनमा शक्तिराष्ट्रहरूको स्वास्थ्यप्रणालीमा जुन अक्षमता देखियो यो अन्ततः सिङ्गै पुँजीवादी प्रणालीकै अक्षमताका रूपमा विश्वभरि नराम्ररी नाङ्गो रूपमा प्रस्टिएको छ । आय असमानता बढ्दो छ । प्राकृतिक स्रोतको दोहन विनाशकारी तहमा पुगेको छ । सामाजिक र सांस्कृतिक क्षेत्रमा निकै ठूला विचलनहरू देखिँदैछन् । यो समग्र स्थितिलाई हेर्दा वैकल्पिक व्यवस्थाका रूपमा समाजवाद अपरिहार्यजस्तो प्रतित हुन थालेको छ तर यस क्षेत्रमा मुख्यतः नेपालमा समाजवाद एउटा फेसनका रूपमा सबैले आआफ्ना घोषणापत्रमा लेख्नैपर्ने जस्तो देखिएको छ । समाजवाद के हो, यसले नागरिकको जीवनमा नयाँ कुरा के दिन्छ भनेर खोज-अनुसन्धान गर्नु र विषयलाई जनताले बुझ्ने गरी सरलीकृत गर्दै प्रस्ट्याउनु हाम्रो विचारधारात्मक अभिभारा हो । साथै हामीले भन्दै आएको समाजवाद आउँछ कसरी ? वैज्ञानिक समाजवाद भन्नु र समाजवाद मात्र भन्नुमा के अन्तर छ ? के संसदीय व्यवस्थालाई शान्तिपूर्ण ढङ्गले स्वतस्फूर्त रूपमा समाजवादमा पुऱ्याउन सकिन्छ ? के जनमतसङ्ग्रहको कार्यनीतिले समाजवादी सणनीतिसँग तादात्म्य राख्छ ? भन्ने विषयमा प्रस्टता पार्नु र एउटै वाक्यमा भन्दा समाजवादका पक्षमा जनमत निर्माण गर्नु हाम्रो वैचारिक कार्यभार हो ।

## (ख) सङ्गठनात्मक कार्यभार

कुनै खास कामका निम्ति मिसन मात्र राम्रो हुनु सफलताका लागि पर्याप्त मान्न सकिन्न । राम्रो उद्देश्य प्राप्तिका लागि तदनुरूपको सङ्गठन, सङ्गठनात्मक प्रणाली र पद्धति पनि चाहिन्छ । पार्टीमाथिको प्रतिबन्धपछि एउटा शुभेच्छुक संस्था र आस्थाका आधारमा कैयौँ जनपक्षीय पत्रकार हरूमाथि मुद्दा लगाउने, गिरफ्तार गर्ने, यातना तथा धरपकड गर्ने काम निरन्तर भैरह्यो जसले लक्ष्यको तुलनामा सङ्गठन निर्माण र सुदृढीकरण निकै अपर्याप्त हुन गएको छ भने अर्कोतिर समग्र पत्रकारिता आन्दोलनको विकाससँगै स्वयम् पत्रकारिता आन्दोलन र जनपक्षीय पत्रकारिताकै क्षेत्रमा पनि केही समस्या उत्पन्न भएका छन् । सँगसँगै आजको आवश्यकताको उचाइअनुसार जनपत्रकार सङ्गठन नेपालको सङ्ख्यात्मक वृद्धि पनि हुन सकिरहेको छैन । यो स्थितिमा एकातिर एक गाउँपालिका एक जनपत्रकारसहित समाजका विभिन्न महत्वपूर्ण क्षेत्रहरूमा हाम्रो उपस्थिति हुने गरी सङ्गठनको सङ्ख्यात्मक वृद्धिलाई जोड दिनुपर्छ भने अर्कातिर सङ्गठनमा आबद्ध सदस्यहरूलाई निरन्तरको आधारभूत तालिम र प्रशिक्षण दिँदै उच्च र मध्यम तहको विधागत र विषयगत प्रशिक्षणलाई आआफ्नो ठाउँमा सञ्चालन गर्नुपर्दछ । सङ्गठन निर्माण र विस्तार गर्दा पत्रकारिता गरिरहेका, पत्रकारिता पढिरहेका र पत्रकारितामा रुचि र जिज्ञासा राख्ने पिँढीबाट उत्पादन गर्ने, विभिन्न प्रगतिशील भूमिकामा रहेका पत्रकारहरूलाई रूपान्तरित गर्दै सङ्गठित गर्ने हाम्रो नीतिका आधारमा आगामी केही समयपछि कम्तीमा एक हजारजनाको साङ्गठनिक लक्ष्यसहित अगाडि बढ्नु हाम्रो सङ्गठनात्मक कार्यभार हुनेछ ।

## (ग) अर्थोपार्जनसम्बन्धी कार्यभार

जनपत्रकार सङ्गठन नेपाल श्रमजीवी पत्रकार हरूको पेसागत सङ्गठन हो । पेसागत सङ्गठन हुनुको कारणले सङ्गठनका हरेक सदस्य कुनै न कुनै रूपमा निश्चित सञ्चार गृह/मिडियाहरूसँग आबद्ध हुँदै जीविकोपार्जन गर्न र त्यसका लागि हामीले छापा पत्रकारिता, रेडियो पत्रकारिता, टेलिभिजन पत्रकारिता र अनलाइन पत्रकारितालाई सँगसँगै सञ्चालन गर्दै लग्ने नीति लिनुपर्दछ । परम्परागत प्रविधिलाई पनि नछोड्ने र आधुनिक प्रविधिमा जोड दिनेबारे ध्यान पुऱ्याउनुपर्छ । यसो गर्दा कामको प्रभावकारिता, सुगमता र लागतका दृष्टिले पनि अनलाइन माध्यम नै मुख्य भूमिकामा हुने भएकाले यसको सङ्ख्यात्मक वृद्धि गर्दै एक जिल्ला एक अनलाइन मिडिया हुने गरी सोच्नुपर्छ । पत्रकारहरू उत्पादन गर्ने लक्ष्य राखेर हामीले थुप्रै पत्रकारलाई प्रशिक्षित गर्दा पनि उनीहरूको निरन्तरता र पत्रकारितामा टिकिरहने चुनौती नै सङ्गठनात्क क्षेत्रको एक मुख्य समस्या र सिकाइ पनि हो । यसलाई हल गर्न मिडियाकर्मी सँगसँगै मिडिया पनि अनिवार्य सर्त बनाउँदै मिडियाको सङ्ख्यात्मक वृद्धिका लागि सम्भाव्यता अध्ययन गर्दै योजना निर्माण गर्नुपर्छ भने अकातिर हामीले सञ्चालन गर्ने मिडियाहरूमा व्यक्तिगत स्वामित्वभन्दा सामूहिक र संस्थागत एवम् सहकारी प्रणालीमा आधारित आर्थिक दृष्टिकोणसहित पत्रकारिता गर्नु हाम्रो आर्थिक कार्यभार बनाउनुपर्छ । साथै मिडियामा विदेशी लगानी र विज्ञापनका नाममा सञ्चारमाध्यमद्वारा हुने मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वतन्त्रताविरोधी हर्कतलाई निस्तेज गर्न सशक्त भूमिका निर्वाह गर्नुपर्दछ ।

## (घ) समसामयिक कार्यभार

सामान्यतया पत्रकारितालाई आवाजविहीनहरूको आवाज भन्ने गरिन्छ । समाजमा जो आर्थिक, राजनीतिक रूपमा शक्तिविहीन छन् उनीहरूको आवाजलाई प्रवाहीकरण गर्नु मिडियाको धर्म हो भन्ने कुरालाई सैद्धान्तिक दृष्टिले स्वीकार गरिए पनि व्यवहारमा निकै समस्याहरू छन् । सञ्चार गृहमा लगानी कुन वर्गको छ, उसैको नीति निर्माणदेखि कार्यक्रमको उत्पादन र प्रसारणमा समेत निर्णायक भूमिका हुने कुरा स्वतः छ । नेपालका मिडियाहरूको ठूलो हिस्सामा सीमित धनाढ्य वर्ग, कर्पोरेट हाउस र तथाकथित प्रभुत्वशाली वर्गको लगानी छ । उनीहरूले उत्पादन गर्ने कार्यक्रम र सामग्रीहरू साँच्चिकै अर्थमा आवाजविहीनहरूको आवाज भन्दा पनि नाफामुखी, बजारमुखी र विज्ञापनमुखी नै देखिन्छ । समाजमा हुने घटनाबारे नागरिकलाई जानकारी गराउने र सुसूचित गर्ने जिम्मेवारी राज्यको हुनुपर्नेमा निजी स्वामित्वमा सञ्चालित र नाफाका निम्ति बजारको अन्तरक्रियामा आधारित कर्पोरेट हाउसको हुन्छ, त्यहाँनेर स्वाभाविक रूपमा सूचनाद्वारा नागरिकलाई सुसूचित गर्नेभन्दा सूचनाको 'मेनिपुलेसन' हुन जान्छ । बजार भनेको यस्तो प्रक्रिया हो जहाँ हरेक वस्तु तथा सेवाहरूको क्रय-विक्रय नाफाका लागि गरिन्छ । जब हरेक वस्तु र सेवाको अन्तिम उद्देश्य नाफा प्राप्ति हुन्छ, त्यहाँ सत्यतथ्य भन्ने कुरा झूट हुन्छ । बजारको विशेषता नै कुनै वस्तु तथा सेवाहरूको उत्पादन र उपभोग सामाजिक र नैतिक हिसाबले सही कि गलत भन्दा पनि कुन वस्तु तथा सेवाले बढीभन्दा बढी नाफा दिन्छ त्यो नै सही र नैतिक भन्ने हुन्छ । त्यसकारण सही सूचना, सत्यतथ्य सूचना र आवाजविहीनहरूको आवाजका लागि सूचना प्रवाह गर्ने व्यक्तिले होइन, समाज र राज्यले मात्र सक्दछ भन्ने कुरालाई स्थापित गर्नुपर्दछ ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, मानवअधिकारको रक्षा र सूचनाको हकलाई नेपालमा पत्रकारिता आन्दोलनको मिसनका रूपमा बुझिँदै आएको छ, यसप्रति हाम्रो पूर्ण प्रतिबद्धता छ र हुनैपर्छ तर समाजका सबै वस्तु र चेतनाको परिवर्तनको प्रवाहसँगै नेपाली पत्रकारिता जगत्को मिसन पनि फेरिनु जरुरी छ । जतिबेला मुलुकमा पार्टीहरूमाथि प्रतिबन्ध थियो, निर्दलीय पञ्चायती व्यवस्था थियो, समाचार लेखेकै कारण पत्रकार हरूमाथि मुद्दा लगाउने र जेल पुऱ्याउने अवस्था थियो तर अहिले संविधानले नै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई स्वीकार गरिसकेको छ भने अर्कोतिर मुलुकका मुद्दाहरू बदलिएका छन् । नेपाली समाज सात साल र छयालीस सालवरिपरि छैन, सामाजिक सशक्तीकरणको स्तर नयाँ चरणमा आइपुगेको छ र सबैले आफ्ना दस्ताबेजहरूमा समाजवादलाई गन्तव्यका रूपमा स्वीकार गरिसकेको स्थितिमा नेपालको पत्रकारिता आन्दोलनको आगामी मिसन समाजवाद हुनुपर्छ र हामीले यो दिशामा तर्कसङ्गत ढङ्गले छलफल, बहस र अन्तरक्रियालाई घनीभूत गर्नुपर्दछ ।

कुनै सार्वजनिक विषय वा घटनाबारे समाचार उत्पादन वा सम्प्रेषण गर्दा फाइभ डब्लू प्लस वान एचको नियमसँगै एबीसीको सिद्धान्त अवलम्बन गरिएको हुनुपर्छ । अर्थात् समाचार सत्यतथ्य, सन्तुलित र विश्वसनीय हुनुपर्दछ । तर यहाँनेर हामी प्रस्ट हुनुपर्ने विषय के छ भने जसलाई हामी सत्यतथ्य भन्छौँ त्यो वर्गीय हुन्छ । जसरी समाज भिन्न स्वार्थमा विभाजित हुन्छ तब एउटै घटनालाई हेर्ने, बुझ्ने र विश्लेषण गर्ने दृष्टिकोण पनि विभाजित हुन्छ । वर्गस्वार्थहरूको प्रभाव घटना विश्लेषण गर्ने प्रक्रियामा पनि पर्छ । नेपालमा राजतन्त्रको अन्त्य गरी गणतन्त्र स्थापना गर्नु र त्यसका लागि कृष्ण सेनहरूले कलम चलाउनु मेहनतकस जनताका लागि सत्य थियो भने त्यही कुरा तत्कालीन सत्तासीन शासकहरूका लागि अपराध थियो र त कृष्ण सेनहरूलाई उनीहरूले हत्या गरे । समकालीन राजनीतिमा असफल र दलाल संसदीय व्यवस्थाका विरुद्ध वैज्ञानिक समाजवादका लागि सङ्घर्ष गर्नु परिवर्तनकारीहरूका लागि सत्य हो भने त्यही कुरा संसद्वादी दलालहरूका लागि गलत । यसरी हेर्दा के भन्न सकिन्छ भने सत्य भन्ने चीज सापेक्षित हुन्छ, निरपेक्ष हुँदैन । गतिशील हुन्छ, जड हुँदैन । वर्गस्वार्स्थमा आधारित हुन्छ, वर्गनिरपेक्ष हुँदैन । दिक, काल र परिस्थितिअनुसार र यसलाई परिभाषित गर्न सकिन्छ ।

अन्त्यमा

पत्रकार र पत्रकारिता यही समाजका उत्पादन हुन् । हरेक व्यक्ति पत्रकार हुनुअघि नागरिक हो । यसको अर्थ पत्रकारहरूको सामाजिक उत्तरदायित्व पनि उत्तिकै छ । सामाजिक उत्तरदायित्वसहितको पत्रकारिता हाम्रो जिम्मेवारी हो । एउटा कथित स्वतन्त्र पत्रकारले निर्मला पन्तको हत्याको विवरण सम्प्रेषण गर्न सक्छ तर उसले कानुनी कारबाही र बलात्कार उत्पादन गर्ने सामाजिक आर्थिक संरचना बदल्ने सामाजिक दायित्व निर्वाह गर्न सक्तैन । एउटा स्वतन्त्र पत्रकारले सामाजिक-सांस्कृतिक विकृतिविरुद्ध प्रहार गर्न सक्ला, गरिब, दुःखी र पीडितका चित्कारहरूको कलात्मक बयान गर्न सक्ला तर ऊ यी चित्कारहरू पैदा गर्ने संरचनागत कारण बदल्ने अभियन्ता बन्न सक्तैन । एउटा स्वतन्त्र पत्रकार हाम्रो मुलुकको सीमा क्षेत्रमा निरन्तर भइरहने अतिक्रमण र भारतले गरिरहने हस्तक्षेपको साङ्गोपाङ्ग विवरण त पस्किन सक्ला तर उसले यसलाई अन्तर्राष्ट्रिय कानुनको ठाडो उल्लङ्घन र नागरिकमाथिको ज्यादती ठान्दै जनतालाई सुसज्जित गर्ने, आन्दोलित गर्ने र आवश्यक पर्दा अत्याचारविरुद्ध भौतिक प्रतिरोधमा उत्रिन अपिल गर्न सक्नेछैन जुन कुरा जनपक्षीय पत्रकारहरूले गर्नैपर्छ र त हामी आफूलाई सामाजिक उत्तरदायित्वसहितको पत्रकारिताका अगुवा र सिपाही ठान्छौँ ।

यात्रा डायरी

# मार्सल किम जोङ उनसँगै सैनिक परेड हेर्दा

## 'सँगसँगै गरौँला साम्यवादसम्मको यात्रा'



अशोक सुवेदी

एकै छिनअघिसम्म समान आकारका रूखहरू भएको जङ्गलजस्तो देखिने ठाउँ केही समयपछि समुद्रको छालजसरी तरङ्गित हुन थाल्यो । एकै छिनमा त्यो समुद्रको छालजस्तो दृश्यको बीचमा कोरियाली भाषा र अङ्ग्रेजी भाषामा एक सय पाँच अङ्क बन्यो, जनगणतन्त्र कोरियाको झन्डा बन्यो र कोरियाली वर्कर्स पार्टीको झन्डा पनि बन्यो । हेर्दाहेर्दै त्यो अङ्कको माथि आकाशमा दर्जनौँ लडाकु विमानहरूले एक सय पाँच अङ्क निर्माण गरे । हामीले यस्ता चामत्कारिक दृश्य हेर्दाहेर्दै अरू दर्जनौँ विमानहरू आकाशमा उडे र तिनले पुष्पवृष्टि गरे ।

यी चलचित्रका दृश्य, हवाईकल्पना वा नाटकका परिदृश्यहरू थिएनन् । जनगणतन्त्र कोरियाको राजधानी प्योङ्याङको मुटु देदोङ नदीको किनारमा अवस्थित जुछे स्क्वायरमा आधुनिक कोरियाका जन्मदाता, कोरियाली जनताका महान् नेता र समाजवादी कोरियाका प्रवर्तक किम इल सुङको एक सय पाँचौँ जन्मजयन्तीका अवसरमा कोरियाली जनमुक्ति सेनाले देखाएको जादुगरी कला थियो ।

'के यी दृश्य सत्य हुन् ?', मैले एकपटक आफ्नै नाडी छामेँ र आफैँलाई चिमोटेँ ।

छेउमै बसेकी थिई किशोर वय भर्खरै पार गरेकी इन्टरप्रेटर पाक जिन हुई । हामीसँग धेरै इयाम्मिएपछि नेपाली चेलीजस्तै लागेर हामीले उसको नेपाली नाउँ 'नानी' राखिदिएका थियौँ ।

मैले सोधेँ, 'नानी, तिमीहरूले हामीलाई जादु देखाएको कि सत्य ?'

प्रत्युत्तरमा उसले सहजै भनी, '...सायद मेरा बाबा पनि त्यही विमानमा हुनुहुन्थ्यो । आज संसारलाई समाजवाद नै जादु वा दुर्लभजस्तो भान परिरहेको समयमा तिमीलाई पनि त्यस्तै भ्रम परेको हुनसक्छ । एकपटक आँखा मिचेर हेर अधबैँसे लेखक, उताबाट सैनिक ट्याङ्कहरू हामीतिरै आइरहेका छन् ।'

नानीले यति भनेको मिनेट बित्न नपाउँदै जुछे स्क्वायरको बायाँबाट छोटो, मध्यम र लामो दूरीका मिसाइल र क्षेप्यास्त्र बोकेका सयौँ सैनिक ट्याङ्कहरू हामीतर्फ अग्रभाग पार्दै दायाँतिर लागे । डेढ दर्जन किसिमका जल, स्थल, वायु, प्रविधि सैनिकहरूको मार्चपास्ट र स्यालुटले शरीर सनन्न भयो । म मात्र होइन, मेरो छेवैमा बसेका नेपाल कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य कमरेड भरत बम 'रणवीर', नेपाल-कोरिया लेखक/पत्रकार मञ्चका सल्लाहकार तथा अखिल क्रान्तिकारीका केन्द्रीय अध्यक्ष कमरेड पूर्णबहादुर सिंह, नेपाल-कोरिया लेखक/पत्रकार मञ्चका सल्लाहकारसमेत रहेका नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य हस्तबहादुर केसी, तामाङ राष्ट्रिय मुक्तिमोर्चाका अध्यक्ष तथा ताम्सालिङ जनसरकार प्रमुख माणिक लामा, प्राडा सुरेन्द्र केसी, अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य सरोज भण्डारी र हामीजस्तै संसारका ४५ देशका ६० संस्था/पार्टी प्रतिनिधि, हजारौँ कोरियाली कर्मचारी, सैनिक, कलाकार यी दृश्य एक टकले हेर्दै 'ओहो ! ओहो !!' भनिरहेका थिए । हाम्रो मन त्यतिबेला झनै सनन्न भयो जतिबेला संसारले नै आश्चर्यपूर्वक हेरिरहेका बीसौँ लाख कोरियाली जनमुक्ति सेनाका नायक तथा कोरियाली वर्कर्स पार्टीका अध्यक्ष मार्सल किम जोङ उन पनि हामीनजिकै बसेर यी सबै दृश्य नियालिरहेका छन् भन्ने थाहा पायौँ ।

एकै छिनपछि मार्सल किम जोङ उन आफ्नो सिटबाट उठेर नजिकै तल

रहेका हामीलाई, परेड खेलिरहेका र शस्त्रास्त्र प्रदर्शन गरिरहेका जनमुक्ति

सेना, चौरमा समुद्रजस्तै लहरिने र अङ्क-झन्डा निर्माण गर्ने झन्डै एक

लाख प्योङ्याङबासी जनसमुदायलाई हात हल्लाएर अभिवादन गरे । एक

छिनअघिसम्म हामीसँगै शान्त भएर सैनिक कला हेरिरहेकी मिस पाक

जिन हुई अर्थात् नानी हामीसँगै उठी र आफ्ना सुप्रिम कमान्डरलाई

अभिवादन गर्दै र जोडजोडले हात हल्लाउँदै एकाएक उफ्रिन थाली । हाम्रो बायाँतर्फ बसेकी ८० वर्षीया वृद्धा भीडबाट हात हल्लाएर चिच्याउँदै

'किम जोङ उन, किम जोङ उन' भन्दै रुन थालिन् । बायाँपट्टिको लहरमा

बसेका करिब एक हजार जनसेनाले निरन्तर ताली बजाउँदै एकसाथ नारा लगाए, 'किम जोङ उन, किम जोङ उन...।' तल चौरमा बसेको मानवसागर समुद्रलहरी बन्दै केही अघि बढ्यो र भीडभित्रैबाट पटकपटक एक सय पाँच अङ्क र झन्डाका चित्रहरू बनाउँदै तरङ्गहरू निर्माण गऱ्यो । मार्सल किम जोङ उनलाई अभिवादन गरिसक्दा नानीको अनुहार पसिनैपसिना भएको थियो । हिजो र आज बिहान हात मिलाउँदा नौनीझैँ नरम लागेका उसका हात यतिबेला एकाएक बन्दुकको नालजस्तै कडा भए ।

'तिमी त एकाएक फेरियौ नि नानी ?', मैले सोधेँ ।

'कुन नौलो कुरा हो र ! आज हाम्रो देश, व्यवस्था र जीवनकै लागि पनि विशेष दिन हो । आजै हाम्रा पचासौँ हजार जनमुक्ति सेनाले आफ्नो कला प्रस्तुत गरेका छन् । म वैदेशिक नीति विषय लिएर स्नातकोत्तर अध्ययन गर्नेतिर नलागेकी भए तिमीले मलाई पनि त्यही लहरमा स्यालुट गर्दै गरेको अवस्थामा पाउने थियौ', उसले भनी ।

'के तिमी पनि जनमुक्ति सेनाकी सदस्य हौ र ?', मैले आश्चर्य मान्दै सोधेँ ।

'लौ, यो त हाम्रा लागि गौरवको विषय हो । समाजवादको रक्षा, विकास र हाम्रो राष्ट्रियतामाथि आँखा गाड्न खोज्ने दुष्टहरूका विरुद्ध विस्फोट हुन हामी सबै कोरियाली तयार छौँ । यो हाम्रा लागि मात्र नभएर मानव जातिकै रक्षाका लागि हो । सर्वहारा वर्गका लागि त अनिवार्य नै हो । मैले सैनिक तालिम लिइसकेकी छु । स्नातकोत्तर अध्ययन सकेपछि फेरि थप तालिम लिन्छु । कोरियालीहरू अनिवार्य सैनिक तालिमबाट छुटे भने आफ्नो जीवन असफल भएको ठान्छन् । देश, जनता र व्यवस्थाको रक्षा र समृद्धिका लागि लड्नु हाम्रा लागि गौरवको विषय हो । समाजवादलाई साम्यवादसम्म नपुऱ्याएसम्म हामी सदा जागै रहनुपर्छ ।'

'समाजवादलाई साम्यवादसम्म नपुऱ्याएसम्म हामी सदा जागै रहनुपर्छ', नानीको यो भनाइ मलाई धेरै नै महत्वपूर्ण लाग्यो । हो त, पेरिस कम्युन जितिसकेपछि जागै नबस्नाले पहिलोपटक प्राप्त जनसत्ता दुस्मनले कब्जा गरेको थियो र हजारौँ कम्युनार्डलाई एकै चिहान पारेको थियो । मैले महासचिव कमरेड विप्लवले करिब एक दशकअघि लेखेको गीत सम्झिएँ :

जागै बस साथी जागै बस
हुरीअघि सन्नाटामा
मार्च हुन सक्छ बिहानै ....

जनवादी गणतन्त्र कोरिया सरकारको जिम्मेवार निकाय कोरियाली समाज

वैज्ञानिकहरूको सङ्गठन 'कास' को निमन्त्रणामा अप्रिल १३ मा मेरो नेतृत्वमा नेपाल-कोरिया लेखक/पत्रकार मञ्चका प्रतिनिधि प्योङ्याङ अन्तर ाष्ट्रिय विमानस्थलमा उत्रिँदा परैबाट हात हल्लाएर स्वागत गर्ने पाक जिन हुईका बारेमा हाम्रो टोलीका ६ जना र माणिक लामा समूहका दुईजना सबैको एउटै निष्कर्ष थियो- नानीबाटै कोरिया कस्तो छ आकलन गर्न कुनै गाह्रो पर्दैन । सुरुमा कम आँकिएकी नानीले हरेक दिनका कार्यक्रमहरूमा हामीलाई झन्झन् प्रभावित पार्दै गएकी थिई । उसले हामीलाई दोस्रो दिनमै झन्डै तीन करोड जनतालाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेन्टी गरिरहेको समाजवादी मुलुक जनगणतन्त्र कोरिया संसारकै समाजवादीहरूका लागि नमुना रहेको बताएकी थिई । नभन्दै २० तारिखमा हामी हिँड्ने दिन उसले सोधेकी थिई, 'तपाईंहरूलाई अब कुनै शङ्का छ कि ?'

पहिलोपटकको यात्राका दोभासे मिस्टर ओले भनेका थिए, 'हामी समाजवाद

टिकाउन कुनै पनि मूल्य चुकाउन तयार छौँ ।' दोस्रो यात्रामा दोभासे भएर आएकी नानीले कार्यक्रमहरूमा बहसमा भाग लिन लगाएर र दर्सनीय स्थलहरूमा घुमाएर हामीलाई प्रभावित पारिसकेकी थिई- दसौँ लाख कोरियाली जनताले रगत बगाएर स्थापना गरेको समाजवाद हो कोरियाको । यो व्यवस्था निर्माण गर्न र कोरियालीहरूलाई यो सुख र समृद्धि दिलाउन किम इल सुङ, किम जोङ इल र अरू कयौँले आफ्नो निजी सुख र समृद्धिलाई तिलाञ्जली दिएका छन् । उसले निर्भीक भएर आफ्नो नेतृत्वको चर्चा गरिरहँदा म भने महान् जनयुद्धमा बलिदान गर्ने दसौँ हजार योद्धाका सपनालाई दुस्मनको पाउमा बुझाएर वर्गघात गर्ने पुष्पकमल दाहाल र बाबुरामहरूका षड्यन्त्रकारी व्यवहार र तिनका दुष्ट अनुहार सम्झिएर पिच्चपिच्च थुकिरहेको थिएँ ।

नानीले हामीलाई करिब ४५ देशका ६० भन्दा बढी पार्टी/सङ्घसंस्थाका डेढ सयभन्दा बढी समाजवादी बौद्धिकहरूका बीचमा सङ्कटग्रस्त साम्राज्यवादको पछिल्लो अवस्था, जनवादी गणतन्त्र कोरियाले जुछे विचार अवलम्बन गर्दै स्वाधीन, मुक्त, समृद्ध कोरिया निर्माण गर्नुका साथै सोही विचारको माध्यमबाट विश्व-साम्राज्यवादलाई दिएको चुनौती र उत्पीडित राष्ट्र तथा जनताले गर्नुपर्ने वर्गसङ्घर्षको तयारीका सन्दर्भमा आयोजित अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिने वातावरण बनाई र विचार र व्यवहारका बीचमा तालमेल छ कि छैन भनेर कोरियाका सैनिक र ब्यालेस्टिक मिसाइलहरू पनि देखाई । दस हजार किलोमिटर टाढासम्म सहजै मार हान्नसक्ने क्षेप्यास्त्रहरू हामीले आफ्नै आँखाअघिल्तिर दस मिटरनजिकैबाट हेऱ्यौँ शरीर जिरिङ्ग-जिरिङ्ग पार्दै । 'यी हतियारहरूको प्रयोग हुन पायो भने उत्तरसाम्राज्यवादी अमेरिका निमेषभरमै ध्वस्त हुनेछ...', मैले मनमनै भनेँ ।

'तिमीले के भन्यौ', मेरो मनको कुरा सुनेझैँ गरी नानीले सोधी ।

'साम्राज्यवादको अन्त्यका लागि तिमीहरूले गरेको विकास अमूल्य छ र तिमीहरूको मेहनत धन्य छ भनेको', मैले जबाफ दिएँ ।

कोरियाली रगत, पसिना र विचारले निर्माण गरेका दुर्लभ दृश्यहरूको अवलोकनपछि मञ्चका सल्लाहकार हस्तबहादुर केसीले भन्नुभयो, 'कोरियामा साँच्चिकैको समाजवाद रहेछ र सर्वहारावर्गको अधिनायकत्व रहेछ ।' क्षेप्यास्त्रहरूको अवलोकनकै क्रममा मञ्चका सल्लाहकार राजनीतिक विश्लेषक प्राडा सुरेन्द्र केसीले यो चमत्कारको शब्दमा वर्णन गर्न गाह्रो पर्ने बताउनुभयो । अर्का सल्लाहकार अखिल क्रान्तिकारीका अध्यक्ष पूर्णबहादुर सिंहले नेपालका देशभक्त र क्रान्तिकारीले कोरियाबाट सिक्नुपर्ने बताउनुभयो । कार्यक्रमकै बीचमा हाम्राबीच वार्तालाप भइरहेको सुनेकी नानीले सोधी, 'लेखक-पत्रकार महोदय, तपाईंहरूलाई हाम्रा गतिविधिले आकर्षित गरेनन् कि क्या हो ? तपाईंहरूको देशमा पनि समाजवाद स्थापना भएपछि गरौँला है साम्यवादसम्मको सहयात्रा...।' 'सुरुको दिन देख्दा नपत्याइएकी यो किशोरीलाई कोरियाली समाजवादले साँच्चै सक्षम बनाएको रहेछ', नानीतिर हेर्दै हाम्रो प्रतिनिधिमण्डलका सदस्य सरोजले भन्नुभएको थियो, 'महिला र पुरुषका बीचमा असमानताका पर्खालहरू हटेपछि हाम्रो समाजमा पनि यस्तै सक्षम नानीहरूको कुनै अभाव हुनेछैन जसले समाजको आमूल परिवर्तनमा आफ्नो सम्पूर्ण क्षमता लगाउनेछन् ।'

हामीलाई बिदा गर्न अप्रिल २० तारिखमा विमानस्थलमा आएकी नानीले भनेकी थिई, 'फर्केपछि पनि कोरिया, हाम्रो समाजव्यवस्था र यहाँका राम्रा कुराहरू नबिर्स है ! हामीले व्यक्तिगत रूपमा कुनै त्रुटि गरेका रहेछौँ भने पनि कम्तीमा हाम्रो समाजवादलाई भने नबिर्स । हामी तिम्रो देशको समाजवाद कस्तो रहेछ, कुनै दिन हेर्न आउँला ।'

यात्रा, बहस र षड्यन्त्र

हो, हामीले फेरि जनवादी गणतन्त्र कोरियाको यात्रा गऱ्यौँ । यसपटकको यात्रा अघिल्लो यात्राभन्दा धेरै उचाइको बन्यो । हाम्रो यात्राको सफलतापछि क्रान्तिकारीहरूमा एउटा नयाँ उत्साह उत्पन्न भयो । सायद यही सफलताका कारण नेपालका प्रतिक्रियावादी, अवसरवादी र दलालहरूको होसहवास उड्यो । किनकि हामीले पहिलो यात्रापछि लगत्तै नेपाल-कोरिया लेखक/पत्रकार मञ्च निर्माण गरी कार्यसमिति घोषणा गरिसकेका थियौँ र हाम्रो नेतृत्वलाई कोरियाको नेतृत्वसँग भेट र अन्तरक्रिया गराइसकेका थियौँ । यसअघि कम्युनिस्ट आन्दोलन, वैज्ञानिक समाजवाद र जुछे विचारमाथि अन्तरक्रिया आयोजना गरी प्रमुख अतिथिका रुपमा नेकपाका स्थायी समिति सदस्य कमरेड धर्मेन्द्र बास्तोला 'कञ्चन' बाट महत्वपूर्ण वैचारिक प्रशिक्षण लिइसकेका थियौँ । उक्त कार्यक्रममा कास महासचिव री सोङ चोल, जनगणतन्त्र कोरियाका राजदूत किम योङ हक, एसिया निर्देशक किम चोल होलगायत कोरियाली प्रतिनिधि पनि सहभागी भइसकेका थिए । हामीले कोरियामै लगेर 'जनगणतन्त्र कोरिया यात्रा र हाइड्रोजन भूकम्प' पुस्तक लोकार्पण र परिचर्चा पनि गराइसकेका थियौँ । त्यसैले दुस्मनका एजेन्टहरू योजनाबद्ध रूपमा विषयवस्तुलाई तोडमोड गर्दै षड्यन्त्रको तानाबाना बुन्न थाले र हामी नेपाल नफर्किँदै विभिन्न अनुहारविहीन बुख्याँचाहरूलाई प्रयोग गर्दै साम्राज्यवादको योजना पूरा गर्न हाम्राविरुद्ध खनिए । नेपाल-कोरिया लेखक/पत्रकार मञ्चद्वारा उत्तरसाम्राज्यवादविरुद्ध काठमाडौँमा आयोजित गोष्ठीमा प्रमुख अतिथि कमरेड धर्मेन्द्र बास्तोला 'कञ्चन' लगायत वक्ताका विचारहरु सञ्चारमाध्यममा प्रवाह भएपछि दुस्मनका एजेन्टहरु सल्बलाइरहेका थिए ।

हुनत पहिलो यात्राबाट उत्पन्न तरङ्गलाई पनि साम्राज्यवादका कयौँ दलालहरूले पचाउन सकेका थिएनन् । उनीहरू लेखेर, बोलेर र हाउभाउबाट पनि हाम्राविरुद्ध उत्रिएका थिए । हामीजस्ता सामान्य र पहुँच नभएका मान्छेहरूले शक्तिसम्पन्न र आफ्नै खालको समाजवादको चरम आस्वादन लिइरहेको मुलुक जनगणतन्त्र कोरियाको यात्रा गर्न, बहस गर्न र बलियो सम्बन्ध विकास गर्न कसरी सम्भव भयो होला र ? उनीहरूलाई यो सत्य पचाउन कठिन भइरहेको थियो । फेरि त्यहीँ पुगेर हामीले कोरियाली वर्कर्स पार्टीका वरिष्ठ उपाध्यक्ष किम की नामलाई समेत भेटेर गम्भीर छलफल गरेका थियौँ । कोरियाको मैदानमै हामीले भारतीय साम्राज्यवादलाई चुनौती दिएका थियौँ । साम्राज्यवादका दलालहरूलाई यो सत्य पचिरहेको थिएन सायद । यसपटक हामीले एकै तीरले धेरै सिकार खेल्यौँ । जस्तै, हाम्रो पार्टीका पीबीएम कमरेड भरत बम 'रणवीर' ले पार्टीगत रूपमा यात्राको वैचारिक र साङ्गठनिक नेतृत्व गर्नुभयो । त्यसअघि कार्यक्रम नै आयोजना गरेर नेपाल-कोरिया लेखक/पत्रकार मञ्चका पदाधिकारी, नेकपाका पीबीएम कमरेड रणवीर र अन्य प्रतिनिधिलाई कोरिया यात्राका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदाइ गर्ने कार्यक्रम बनाएका थियौँ । हाम्रो पार्टी र कोरियाको पार्टीका बीचमा पार्टीस्तरमा सम्पर्क बढेको थियो । हाम्रो यात्रा र बहसअघि एकाध व्यक्तिले कोरियालाई नेपाली भनेका हामी नै हौँ भन्ने भ्रम छरिरहेका थिए । हामी ८ जनाको शक्तिशाली उपस्थिति र वैचारिक बहसले त्यो भ्रम पूर्ण रूपमा चिरियो । हाम्रो समूहमा 'थ्रि इन वान' को उपस्थिति थियो- हाम्रो पार्टीका युवा नेता कमरेड रणवीरको नेतृत्व उसै पनि गौरवशाली बन्ने नै भयो । त्यसपछि जनगणतन्त्र कोरियाको राजधानी प्योङ्याङमा कोरियासम्बन्धी मेरो पहिलो पुस्तक कास महासचिव क. री सोङ चोल, क. रणवीर, फ्रान्सका प्रोफेसर एड्मन्ड जोउभे, मञ्चका सल्लाहकार हस्तबहादुर केसी र इन्टरप्रेटर मिस्टर ओलगायतले सामूहिक रुपमा लोकार्पण गरिसक्दा दुस्मनहरुको छट्पटाहट झनै बढेको हामीले अनुभूति गरिरहेका थियौँ । नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य एवम् मार्क्सवादी लेखक हस्तबहादुर केसी, राजनीतिक विश्लेषक प्राडा सुरेन्द्र केसी, लाखौँ युवा विद्यार्थीका नेता अखिल क्रान्तिकारीका अध्यक्ष कमरेड पूर्णबहादुर सिंह, सोही सङ्गठनका केन्द्रीय सदस्य सरोज भण्डारी, तामाङ राष्ट्रिय मुक्तिमोर्चाका अध्यक्ष एवम् ताम्सालिङ जनसरकारका प्रमुख माणिक लामालगायतको उपस्थितिका कारण नेपालका प्रतिक्रियावादी क्याम्पहरूमा उसै भुइँचालो जाने नै भयो । हामी हिँडेको दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा संस्थाले गरेको भव्य बिदाइ कार्यक्रमले नै हाम्रा विरोधी र प्रतिस्पर्धीहरू तिल्मिलाइसकेको अनुभूति गरिएको थियो । प्योङ्याङमा आयोजित पुस्तक लोकार्पण तथा परिचर्चा कार्यक्रममा सहभागी संसारभरका समाजवाद पक्षधरहरूले दिएको मन्तव्य पनि दुस्मनहरुका लागि टाउको दुखाइको विषय बनेको थियो । नेपाल-कोरिया लेखक/पत्रकार मञ्चले प्रतिनिधिहरू कोरिया पठाउनुअघि राजधानीमा नेकपाका स्थायी समिति सदस्य एवम् अन्तर्राष्ट्रिय ब्युरो प्रमुख कमरेड धर्मेन्द्र बास्तोला 'कञ्चन' को प्रमुख आतिथ्यमा उत्तरसाम्राज्यवादविरुद्ध गोष्ठी गरेको थियो । त्यस्तै हाम्रो प्रतिनिधिमण्डललाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मञ्चका महासचिव अग्निराज पौडेल 'अराप' को अगुवाइमा गरिएको भव्य बिदाइ, कोरियामा हाम्रो नेतृत्व र हामीले साम्राज्यवादविरुद्ध जमेर गरेको बहस-गोष्ठी, संसारभरका छानिएका प्रतिनिधिहरूका बीचमा कोरियायात्रा सम्बन्धमा लेखिएको मेरो पुस्तकको लोकार्पण र परिचर्चा यी सबै विषयका कारण नेपालका प्रतिक्रियावादी, अवसरवादी र साम्राज्यवादी एजेन्टहरूका क्याम्पहरूमा भुइँचालो जानु स्वाभाविक नै थियो, गयो । यो अस्वाभाविक होइन । फलस्वरूप तिनले देवी नेपाललगायत दुस्मनका केही दलालहरूलाई दुरुपयोग गरेर मिडियाबाजी गर्ने दुष्प्रयास गरे र टोली नेताको हैसियतले मेरो मानमर्दन गर्ने धृष्टता गरे । तर त्यो पानीको फोकाझैँ प्याट्ट फुटिहल्यो । हामी नेपाल फर्किने बेलासम्म पनि केही बुख्याँचाहरू हाम्राविरुद्ध प्रकाशित समाचार बोकेर हकरझैँ हस्याङ र फस्याङ गर्दै देखाउँदै दुगुरिरहेको दृश्य अत्यन्तै घिनलाग्दो थियो । हाम्रो नेतृत्व र वर्गले यसको अन्तर्यका बारेमा राम्ररी बुझेको छ र दुस्मनका एजेन्ट कोको हुन् राम्ररी अध्ययन गरेको छ । यसको हिसाबकिताब समयक्रममा बिस्तारै हुनेमा विश्वस्त हुन सकिन्छ ।

*(**शक्तिशाली समाजवाद** : जनगणतन्त्र कोरियाको दोस्रो यात्रा पुस्तक २०७४ बाट उद्धृत)*



नियमित

# समय, सपना र प्रश्नहरू



उदयबहादुर चलाउने 'दीपक'

हामी समयलाई अविराम अर्थात् गतिशील मान्दछौँ । वास्तवमा समय गतिशील हुनुको अर्थ हो हाम्रो वस्तुगत परिवेश निरन्तर फेरिइरहनु । हिजोको परिवेश आज हुँदैन र आजको परिवेश भोलि रहँदैन । यो वस्तुगत सत्य हो, सार्वभौम सत्य हो । प्रकृति विज्ञानमा इलेक्ट्रोन र प्रोटोनबीचको निरन्तर सङ्घर्ष, विभिन्न तत्वहरूबीच अन्तरघुलन र त्यसले बेलाबेला पैदा गर्ने विघटन र सङ्घटनको अवस्था नै भौतिक विज्ञानमा परिवेश हो ।

सामाजिक विज्ञानका क्षेत्रमा परिवेश भन्नाले उत्पादनका साधनहरू (विशेषतः औजार) मा हुने निरन्तरको विकास र त्यसले उत्पादन सम्बन्धमा पार्ने प्रभाव हो । मानिस आदिम समयमा जुन अवस्थामा थियो त्यसका बारेमा वैज्ञानिकहरूले गरेको अनुसन्धान र त्यसले प्रमाणित गरेका तथ्यहरू आजको मानवका लागि अकल्पित लाग्छन् । जब मानिस आफैँले बनाएको चुच्चे ढुङ्गाको मद्दतले हातको भन्दा धेरै र सजिलै काम गर्न सक्ने भयो तब उसले आफूलाई जङ्गली अवस्थाबाट मुक्त गऱ्यो । एकपछि अर्को विकासका क्रममा मानिसले त्यो चुच्चे ढुङ्गोलाई निरन्तर परिष्कार गर्दै गयो । चुच्चे ढुङ्गाको परिष्करण क्रमशः हलो, ट्र्याक्टर, वाष्प इन्जिन र अन्य थुप्रै स्वचालित यन्त्रहरूमा विकसित हुँदै गयो । आजका अत्याधुनिक 'फाइभ जी' र 'थ्रि डी', 'मिसाइल' र 'एन्टिमिसाइल' हरू पनि त्यही चुच्चे ढुङ्गाकै नयाँ परिष्कारहरू हुन् ।

निकै रोमाञ्चक कुरा के छ भने आदिम मानवले पहिलोपटक आविष्कार गरेको औजार 'चुच्चे ढुङ्गो' प्रयोगको परिणाम नै अन्ततः आदिम समाजको विघटन भयो । त्यसको ठाउँमा त्यसभन्दा नितान्त नयाँ युग दास समाजको जन्म भयो । दास समाज पनि चिरस्थायी रहेन । त्यो सामन्ती समाजका रूपमा विकसित भयो । सामन्ती समाज विघटनको जगमा पुँजीवादी समाज र पुँजीवादी समाजलाई समेत विघटन गरेर समाजवादको जन्म हुन गयो । यसरी नयाँनयाँ सामाजिक युगहरू जन्मनु र पुराना सामाजिक युगहरू विलुप्त हुँदै जानुको रहस्य अरू केही पनि नभएर उत्पादनका साधनहरूको निरन्तर विकास र त्यसले उत्पादन सम्बन्धमा पार्ने निरन्तरको प्रभाव हो । उत्पादनका साधनहरूमा निरन्तर भैरहने विकासको गति जब एउटा उच्चतम् बिन्दुमा पुग्छ तब त्यसले नयाँ प्रकारको उत्पादन सम्बन्धको विकास गर्नु अनिवार्य हुन्छ । त्यतिबेला विकसित उत्पादन सम्बन्धले आफ्नो साथमा नयाँ वर्गको समेत जन्म लिएर आएको हुन्छ । अब यो बिन्दुमा आएर नयाँ वर्ग र पुरानो उत्पादन सम्बन्धका बीच असन्तुलन पैदा हुन्छ तब पुरानो उत्पादन सम्बन्धलाई संरक्षण गरिरहेको वर्ग र नयाँ वर्गका बीच लडाइँ आरम्भ हुन्छ । त्यो वर्गसङ्घर्षको अनिवार्य परिणाम के हुन्छ भने पुरानो वर्ग पराजित मात्र नभएर पुरानो उत्पादन सम्बन्धको समेत अन्त्य हुन्छ र नयाँ उत्पादन सम्बन्धका साथ नयाँ वर्ग विजयी हुने गर्दछ । नयाँनयाँ समाज व्यवस्थाहरूको जन्म यसरी नै हुदै आएको छ । यो नै सामाजिक क्रान्तिको आधारभूत नियम हो ।

अब हामी सहज अनुमान गर्न सक्छौँ, आगामी केही सय वा हजार वर्षपछिको समाज आजको भन्दा नितान्तै नयाँ, आजको कल्पनाभन्दा कैयौँ गुणा फरक हुनेछ । यो कुरा निश्चित हो आज अत्यन्तै चामत्कारिक मानिएका थ्रि डए र फाइभ जी सेवा पनि त्यो बेला हाते तान र चर्खाको स्थानमा थान्को लाग्नेछन् ।

प्रत्येक नयाँ युगको जन्म पुराना प्रश्नहरूको जबाफ र नयाँ प्रश्नहरूको आरम्भ बिन्दु हो । समय तब मात्र फेरिएको ठहर्छ जब नयाँ प्रश्नहरूले वास्तवमै पुरानोको स्थान लिन पुग्छन् । भित्तामा झुन्डिएको पात्रोको पाना फेरिनुले मात्रै समय फेरिएको मानिँदैन । यसर्थ हरेक नयाँ समय (युग) ले आफूसँगै नयाँ-नयाँ प्रश्नहरूको जन्म दिनु अनिवार्य हुन्छ । तिनै प्रश्नहरूको जबाफ दिने प्रतिबद्ध, दृढ इच्छाशक्ति र समर्पणलाई हामी सपनाका रूपमा स्वीकार गर्दछौँ ।

नेपाली राजनीतिको विडम्बना के भयो भने पटकपटकका आन्दोलन र सङ्घर्षपछि पनि न हाम्रो सपना फेरियो, न त प्रश्नहरू नै फेरिए । जहाँ प्रश्न र सपना जस्ताका तस्तै रहिरहन्छन् त्यहाँ समय फेरिने झन् कुरै भएन । आज पनि आमनेपाली जनताले एक छाक गतिलो खाना र एक टालो गतिलो लाउन पाएका छैनन् । शिक्षा र स्वास्थ्यको राम्रो प्रबन्ध छैन । देशमा रोजगारीको पर्याप्त अवसर छैन । यिनै सामान्य सपनाहरू साँचेर जिन्दगीको तार रेटिरहेका छन् नेपाली जनता । जुन देशका जनता एक दशक होइन, दुई दशक होइन, शताब्दिऔँ एउटै सपना र प्रश्नले थिचिएका हुन्छन्, त्यो देशको प्रगति नै के हुन्छ र ? 'जुन जोगी आए पनि कानै चिरिएका'- यो त्यत्तिकै संश्लेषण भएको निष्कर्ष होईन । दशकौँदशकको समय र पुस्तौँपुस्ताको भोगाइको निचोड हो यो । बूढाहरूको ठाउँमा तन्नेरी (?), काङ्ग्रेसका ठाउँमा एमाले वा माओवादी, राजतन्त्रको ठाउँमा गणतन्त्र यो परिवर्तनको सामान्य पक्ष हो । हुनुपर्ने मूल परिवर्तन भनेको शिक्षा, स्वास्थ्य, आवास, र रोजगारीको सुनिश्चितता हो ।

समाज विज्ञानको एउटा विशिष्ट नियम के रहेको छ भने इतिहासको निर्माणप्रक्रियामा एउटा त्यस्तो समय पनि आइपुग्छ जतिबेला एउटा निश्चित पुस्ता र त्यो पुस्ताभित्रका पनि निश्चित व्यक्तिहरूले इतिहासको लगाम कस्छन् र समयको घोडादौड सुरु हुन्छ । ती व्यक्तिहरू नै आम जनताको सपनाका संवाहक बन्दछन् ।

आजको नेपाली समाज निकै पुराना प्रश्नहरूको थिचाइमा चेपिएको छ । एउटा किसानले आज पनि यही सोचिरहेको छ- 'मैले जसरी पनि धेरै अनाज फलाउनुपर्छ र बालबच्चाको शिक्षा-स्वास्थ्य किन्नुपर्छ ।' एउटा मजदुरले सोच्दछ- 'मैले दिनमा १८ घन्टा काम गरेर भए पनि बालबच्चाको शिक्षा-स्वास्थ्य किन्नुपर्छ र सम्भव भए एउटा सानो घर बनाउनुपर्छ ।' एउटा निम्न वैतनिक कर्मचारी वा एउटा सानो पसले व्यापारीले पनि यही सोच्दछ । यसरी जीवन गुजारा गर्ने जनता नै नेपाली समाजको सबभन्दा ठूलो हिस्सा रहेको छ । उनीहरूको सपना नै आजको प्रतिनिधि प्रश्न हो ।

नेपाली इतिहासमा अब एउटा त्यस्तो समयको आरम्भ आवश्यक छ जसले आमजनताका दशकौँ पुराना सपनाहरू पूरा हुने मात्र होइन, नयाँ सपनाहरूको गर्भधारण होओस् । दशकौँ अनुत्तरीत प्रश्नहरूको जबाफ मात्र होइन, नयाँ युगीन प्रश्नहरूको आरम्भ होओस् । यो कुरा जति सम्भव छ त्योभन्दा ज्यादा आवश्यक छ । किनकि आजको युगमा जुन प्रकारको उत्पादनका साधनहरू विकसित भइरहेका छन्, त्यसले पुरानो उत्पादन सम्बन्धलाई खोक्रो बनाउदै लिईरहेको छ । पुरानो उत्पादन सम्बन्धले उत्पादनका साधनहरूको परिणाम थिचेर राख्ने कोसिस गर्नु पुरानो वर्गले आफ्नो आसनमा झन् ठुलो ज्वालामुखी सञ्चित गर्नु हो ।

# राजनीति र विचारमा रामशरण महर्जनको विशेष योगदान : विषम

■ रातोखबर संवाददाता/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सचिवालय सदस्य सन्तोष बुढामगर 'विषम' ले राजनीति, विचार र समाजका लागि रामशरण महर्जनको उच्च योगदान रहेको बताएका छन् ।

नेपाल कम्युनिस्ट पार्टी निकट बुद्धिजीवी सङ्गठनका केन्द्रीय सदस्य रामशरण महर्जनको श्रद्धाञ्जली सभामा सम्बोधन गर्दै नेता विषमले उक्त कुरा बताएका हुन् । श्रद्धाञ्जली सभाको आयोजना प्रगति सांस्कृतिक परिवारले गरेको थियो ।

नेकपा नेता विषमले राजनीतिक क्षेत्रमा पनि रामशरणको महत्वपूर्ण योगदान रहेको र उहाँ सधैँ क्रान्तिकारी लाइनमा उभिएको बताए । महर्जन जहिले पनि जनताका पक्षमा, समाजवादका पक्षमा उभिएर राजनीति र विचारमा महत्वपूर्ण योगदान पुऱ्याएको नेता विषमले स्मरण गरे । उनले रामशरणले सामाजिक, राजनीतिक तथा शैक्षिक क्षेत्रमा पनि विशेष योगदान दिएको प्रस्ट पारे ।




श्रद्धाञ्जली सभामा नेकपा (क्रान्तिकारी माओवादी)का विश्वभक्त महर्जन, हरिसिद्धि माविकी प्रध्यानाध्यापक आशा महर्जन, रामशरण महर्जनका सहपाठी राजेन्द्र महर्जन, मार्क्सवादी एकता अभियानका शम्भु कट्टेललगायतले श्रद्धाञ्जली मन्तव्य राखेका थिए ।

प्रेमबहादुर महर्जनको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सत्यनारायण महर्जनले गरेका थिए ।

# 'दलाल संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवाद अपरिहार्य'

■ रातोखबर संवाददाता/कालीकोट

नेपाल कम्युनिस्ट पार्टीका सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' ले दलाल संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवाद अनिवार्य भएको बताएका छन् । बुधबार कालीकोटको सदरमुकाम मान्ममा जिल्लाका अगुवा कार्यकर्तालाई प्रशिक्षण दिँदै नेता कञ्चनले दलाल संसदीय व्यवस्था पूर्ण रूपमा असफल भएकाले अब वैज्ञानिक समाजवाद अनिवार्य भएको ठोकुवा पनि गरे ।

नेता कञ्चनले नेपालका राजनीतिक दलका नेताहरूको कमजोरी मात्र नभएर व्यवस्थाकै असफलता भएकाले जो नेता र सरकार बने पनि नेपालमा जनताले अनुभूति हुने गरी परिवर्तन नहुने बताए । उनले जनताले अनुभूति हुने गरी परिवर्तनका लागि जनमतसङ्ग्रह गरी नेपालमा वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्ने धारणा राखे ।

नेता कञ्चनले प्रशिक्षणका क्रममा राजनीतिक अर्थशास्त्र, वैज्ञानिक समाजवाद, दर्शनशास्त्र, सैन्य विज्ञान, एकीकृत जनक्रान्तिको कार्यदिशा र विज्ञान प्रविधिको विकासका विषयमा प्रस्ट्याएका थिए ।

प्रशिक्षणमा नेकपाका नेता एटम बीसीले पार्टी क्रान्तिकारी नभएसम्म क्रान्तिको विजय नहुने बताए । उनले त्यसका लागि पार्टी कार्यकर्तालाई सक्षम बनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा नेकपाका जिल्ला इन्चार्ज विराट, युवा जनस्वयम्सेवकका भूकम्प र जिल्ला पार्टी सल्लाहकार समितिका संयोजक समग्र अतिथि थिए । जिल्ला सेक्रेटरी रणदीपको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन जिल्ला सदस्य साहसीले गरेका थिए । प्रशिक्षण कार्यक्रममा जिल्लाका दुई सयभन्दा बढी अगुवा नेता-कार्यकर्ताको सहभागिता थियो ।




निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ